# प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६

**प्रमाणीकरण मिति**
२०७६/०६/०५

## संवत् २०७६ सालको ऐन नं. १८

**<u>प्रदेश सवारी तथा यातायातका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>** : चालक अनुमति पत्र, नवीकरण तथा प्रदेश भित्र सवारी दर्ता, नामसारी, नवीकरण भई सञ्चालन हुने सवारी साधनको व्यवस्थित, मर्यादित, अनुशासित तरिकाले सञ्चालन, नियमन, व्यवस्थापन, सर्वसाधारणलाई सहज, सरल र सुविधायुक्त यातायात सेवा उपलब्ध गराउन, सार्वजानिक यातायातको रुट अनुमती, गुणस्तर, भाडा निर्धारण र नियमन तथा सवारी साधनमा लगानी भएको नेपाली श्रम र पूँजीलाई संरक्षण, प्रर्वद्धन तथा विकास गर्न, यातायात क्षेत्रमा रोजगारी सृजना गरी संरक्षण गर्न, सवारी दुर्घटनालाई न्यूनीकरण गर्न, सडक सुरक्षा तथा सुशासनको प्रत्याभूति रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, योजना र आयोजनालाई सुदृढ, सक्षम तथा प्रभावकारी वनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ।

### परिच्छेद – १
### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त, नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम **"प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले प्रदेश यातायात व्यवस्था कार्यालयको कार्यालय प्रमुख सम्झनुपर्छ।

(ख) **"कुटनीतिक सुविधा प्राप्त सवारी"** भन्नाले दफा १२ बमोजिमको सवारी सम्झनुपर्छ।

(ग) **"चालक"** भन्नाले यस ऐन बमोजिम सवारी चालक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनुपर्छ।

(घ) **"चालक अनुमति पत्र"** भन्नाले दफा ५० बमोजिमको अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमति पत्र सम्झनुपर्छ।

(ङ) **"छोटो बाटो"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटरदेखी एकसय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनुपर्छ।

(च) **"जाँचपास"** भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाण पत्र सम्झनुपर्छ।

(छ) **"ट्राफिक सङ्केत"** भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना सङ्केत वा ईशारा सम्झनुपर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि उल्लिखित वा साङ्केतिक रूपमा टाँसी राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ।

(ज) **"ठूलो सवारी"** भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनुपर्छ।

(झ) **"तोकिएको वा तोकिए"** बमोजिम भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचित आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ञ) **"दर्ता प्रमाण पत्र"** भन्नाले दफा १६ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाण पत्र सम्झनुपर्छ।

(ट) **"निजी सवारी"** भन्नाले दफा ८ बमोजिमको सवारी सम्झनुपर्नेछ।

(ठ) **"निर्देशनालय"** भन्नाले यातायातसँग सम्बन्धित प्रदेश सरकारले स्थापना गरेको यातायात व्यवस्था निर्देशनालय सम्झनुपर्छ।

(ड) **"पर्यटक सवारी"** भन्नाले दफा ७ बमोजिमको सवारी सम्झनुपर्छ।

(ढ) **"परिचालक"** भन्नाले दफा ६६ बमोजिमको परिचालक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनुपर्नेछ र सो सवारीमा काम गर्ने अन्य चेकर तथा हेल्परलाई समेत जनाउँछ।

(ण) **"पार्किङ्ग स्थल"** भन्नाले सवारी अड्याउन निर्धारित गरिएको ठाउँ सम्झनुपर्छ।

(त) **"प्रदूषण"** भन्नाले सवारीबाट निस्कने ध्वनी तथा धुवाँको प्रदूषण सम्झनुपर्छ।

(थ) **"परीक्षा समिति"** भन्नाले दफा १५३ बमोजिम गठित परीक्षा समिति सम्झनुपर्छ।

(द) **"प्रहरी"** भन्नाले नेपाल प्रहरी, प्रदेश प्रहरी सम्झनुपर्छ र सो शब्दले सशस्त्र प्रहरीबल समेतलाई जनाउँछ।

(ध) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्लाई सम्झनुपर्छ।

(न) **"प्रशिक्षण केन्द्र"** भन्नाले दफा १५६ बमोजिम मान्यताप्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(प) **“बस बिसौनी”** भन्नाले यात्रीवाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निम्ति निर्धारित गरिएको ठाउँ सम्झनुपर्छ।

(फ) **“बाटो”** भन्नाले सार्वजनिक तथा निजी सवारी सञ्चालन गर्नका निम्ति निर्धारित गरिएको बाटो सम्झनुपर्छ।

(ब) **“बाटो इजाजत पत्र”** भन्नाले स्वीकृती प्राप्त बाटोमा सवारी चलाउन दफा ७५ बमोजिम प्राप्त गरेको इजाजत पत्र सम्झनुपर्छ।

(भ) **“बिमा”** भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बिमा सम्झनुपर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने (कम्प्रिहेन्सिभ) बिमालाई समेत जनाउँछ।

(म) **“भाडा”** भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनुपर्छ।

(य) **“मध्यम बाटो”** (मिडियम रुट) भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटर भन्दा बढी तर दुईसय पचास किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनुपर्छ।

(र) **“मन्त्रालय”** भन्नाले प्रदेश नं. १ सडक यातायातसँग सम्बन्धित मन्त्रालय सम्झनुपर्छ।

(ल) **“मालसामान”** भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसार पसार गरिने जनावर, पंक्षी तथा कुनै निर्जीव वस्तु सामान सम्झनुपर्छ।

(व) **“मालवाहक सवारी”** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनुपर्छ।

(श) **“मझौला सवारी”** भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनुपर्छ।

(ष) **“यातायात सेवा”** भन्नाले सार्वजनिक सवारीले भाडा लिई यात्री वा मालसामान एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउने गरी प्रदान गर्ने सेवा सम्झनुपर्छ।

(स) **“यात्री”** भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनुपर्छ।

(ह) **“यात्रीवाहक सवारी”** भन्नाले यात्रीहरूलाई यातायात सेवा प्रदान गर्ने सार्वजानिक सवारी सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(क्ष) **“यात्री गुण्टा”** भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनुपर्छ।

(त्र) **“यातायात निरीक्षक”** भन्नाले दफा १५४ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(ज्ञ) **“लामोबाटो”** (लङ्ग रुट) भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनुपर्छ।

(ज्ञ१) **“विद्यालय तथा कलेज सवारी”** भन्नाले दफा ११ बमोजिमको सवारी सम्झनुपर्छ।

(ज्ञ२) **“व्यवस्थापन समिति”** भन्नाले दफा १५१ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनुपर्छ।

(ज्ञ३) **“व्यवस्थापक”** भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको कम्पनीको मुख्य व्यवस्थापन गर्ने व्यक्ति सम्झनुपर्छ।

(ज्ञ४) **“सवारी”** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनुपर्छ।

(ज्ञ५) **“सवारीको वजन”** भन्नाले सवारीको कूल वजन सम्झनुपर्छ।
**स्पष्टीकरणः** कुल वजन भन्नाले सवारीको इन्जीन, चेसिस, अन्य औजार तथा उपकरण लगायत सवारी दर्ताका प्रमाण पत्रमा लेखिएको कुल भारवहन क्षमता समेतलाई जनाउँछ।

(ज्ञ६) **“सानो सवारी”** भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनुपर्छ।

(ज्ञ७) **“सार्वजनिक सवारी”** भन्नाले दफा ६ बमोजिमको सार्वजनिक सेवामा प्रयोग गरिने सवारी सम्झनुपर्छ।

(ज्ञ८) **“सरकारी सवारी”** भन्नाले दफा ९ बमोजिमको सवारी सम्झनुपर्छ।

(ज्ञ९) **“संस्थानको सवारी”** भन्नाले दफा १० बमोजिमको सवारी सम्झनुपर्छ।

(ज्ञ१०) **“सडक”** भन्नाले सवारी साधन तथा मानिस आवत जावत गर्न बनाइएको खास क्षेत्र वा बाटो सम्झनुपर्छ।

(ज्ञ११) **“सुरक्षाकर्मी”** भन्नाले यात्री मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनुपर्छ।

(ज्ञ१२) **“सार्वजनिक स्थान”** भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, बाटो वा सर्वसाधारण जनता आउने जाने बस्ने ठाउँ सम्झनुपर्छ र सो शब्दले यात्री चढन, उत्रन वा सवारी राख्न निर्धारण गरिएको ठाउँलाई समेत जनाउँछ।

(ञ१३) **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(ञ१४) **"स्थानीय बाटो"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्मको बाटो सम्झनुपर्छ।

(ञ१५) **"सवारी धनी"** भन्नाले सवारी दर्ताको प्रमाण पत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति सम्झनुपर्छ।

(ञ१६) **"क्षेत्र"** भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्गत पर्ने गरी तोकिएको क्षेत्र सम्झनुपर्छ।

## परिच्छेद-२
## सवारीको वर्गीकरण

३. ठूलो सवारी : दश टनभन्दा बढी वजन भएको अनुसूची-१ को खण्ड (क) मा उल्लिखित सवारीलाई ठूलो सवारी भनिनेछ।

४. मझौला सवारी : चार टनदेखि दश टनसम्म वजन भएको अनुसूची-१ को खण्ड (ख) मा उल्लिखित सवारीलाई मझौला सवारी भनिनेछ।

५. सानो सवारी : चार टनभन्दा कम्ती वजन भएको अनुसूची-१ को खण्ड (ग) मा उल्लेखित सवारीलाई सानो सवारी भनिनेछ।

६. सार्वजनिक सवारी : (१) यातायात सेवा सञ्चालन गर्न देहायको प्रमाण पत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्रीवाहक र मालवाहक गरी दुई किसिममा विभाजन गरिनेछ।

(३) यात्रीवाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजत पत्र दिइनेछ।

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा,

(ग) साधारण (लोकल) सेवा र

(घ) साधारण विद्युतीय तीन पाङ्ग्रे रिक्सा (लोकल) सेवा।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीवाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य आवश्यक व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) मा लेखिएबमोजिम नम्बर प्लेट राख्नुपर्नेछ।

७. पर्यटक सवारी : (१) विदेशी पर्यटकलाई यातायात सेवा प्रदान गर्न यस ऐन र प्रचलित कानून बमोजिम दर्ताको प्रमाण पत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिन्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ख) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

८. <u>निजी सवारी</u> : (१) निजी प्रयोगको लागि दर्ताको प्रमाण पत्र प्राप्त सवारीलाई निजी सवारी मानिनेछ।

(२) निजी सवारी, सार्वजनिक यातायात सेवाको लागि प्रयोग गर्न पाइनेछैन।

(३) निजी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ग) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

९. <u>सरकारी सवारी</u> : (१) कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाण पत्र प्राप्त संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग सम्बन्धित सरकारी निकायको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

१०. <u>संस्थानको सवारी</u> : (१) नेपाल सरकार, प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाण पत्र प्राप्त सवारीलाई संस्थानको सवारी भनिनेछ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ङ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

११. <u>विद्यालय तथा कलेज सवारी</u> :(१) सामूदायिक वा संस्थागत विद्यालयले र उच्च शिक्षा अध्ययन अध्यापन गराउने कलेजले विधार्थी ओसारपसार गर्न प्रयोग गर्ने यस ऐन बमोजिम निजी सवारीमा दर्ता भएको सवारी सम्झनुपर्नेछ।

(२) सामूदायिक वा संस्थागत विद्यालय र कलेजले प्रयोग गर्ने सवारीमा पहेलो रङ्ग लगाएको हुनु पर्नेछ।

१२. <u>कुटनीतिक सुविधाप्राप्त सवारी</u> : (१) कुटनीतिक नियोग वा कुटनीतिक सुविधा प्राप्त कार्यालय योजना निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाण पत्र प्राप्त सवारीलाई कुटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ ।

(२) कुटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (च) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

१३. <u>अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुने</u> : (१) कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइनेछैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति अधिकार प्राप्त अधिकारीको अनुमति बेगर त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइनेछैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## परिच्छेद-३
## सवारी दर्ता सम्बन्धी व्यवस्था

१४. **सवारी साधन दर्ता गराउनुपर्ने** : (१) कुनै पनि सवारी खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने, कुनै व्यक्ति, फर्म, कम्पनी वा एजेण्टले सवारी साधन खरिद गरेको वा पैठारी गरी, उत्पादन गरेको वा खरिद गरेको मितिले पन्ध्र दिन भित्र अधिकार प्राप्त  अधिकारी समक्ष दर्ता गराउनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन पाङ्ग्रे “ई” रिक्सा सम्बन्धित स्थानीय तहको कार्यालयमा दर्ता, नवीकरण गरिनेछ र “ई” रिक्सा दर्ता, नवीकरण र नियमनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) यस ऐन बमोजिम सवारी दर्ता नगरी कुनै पनि सवारी चलाउन वा संचालन गर्नहुदैन।

१५. **सवारी दर्ता गराउन दरखास्त दिनुपर्ने** : (१) दफा १४ बमोजिम कुनै सवारी साधन दर्ता गराउनु परेमा सवारी नेपाल भित्र खरिद गरेको भए खरिद गर्ने व्यक्ति, फर्म र कम्पनी वा एजेण्टले सो खरिद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म र कम्पनी वा एजेण्टले सो सवारीको भन्सार महसुल तिरेको निस्सा, उत्पादन गर्ने व्यक्ति, फर्म र कम्पनीले प्राप्त गरेको इजाजत पत्र, चेसिस, इन्जिनको फोटो र तोकिए बमोजिमको अन्य कागजपत्र तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी पन्ध्र दिन भित्र अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ। यदि पन्ध्र दिन भित्र दरखास्त नदिएमा प्रत्येक दिनको लागि अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिम जरिवाना गर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको आफ्नो दुईप्रति पासपोर्ट साइजको फोटो समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र कुटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार परराष्ट्र मन्त्रालयको सिफारिस पत्र समेत संलग्न गरेको हुनु पर्नेछ। कुटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता हुने भएमा निजले आफ्नो पासपोर्ट वा नागरिकताको प्रतिलिपि एवम् दुई प्रति पासपोर्ट साइजको फोटो संलग्न गरेको हुनु पर्नेछ।

(४) नेपाल भित्र कुनै व्यवसाय तथा काम कारोबार गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको निम्ति कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा लेखिएका कुराहरूका अतिरिक्त सम्बन्धित कुटनीतिक नियोगको सिफारिसपत्र समेत संलग्न गरेको हुनु पर्नेछ।

(५) नाबालकको नाममा कुनै सवारी दर्ता गराउनु परेमा निजको तर्फबाट निजको अभिभावक, संरक्षक वा माथवरले नाबालक तथा आफ्नो समेत दुई-दुई प्रति पासपोर्ट साइजको फोटो एवम् नागरिकताको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी दरखास्त दिनु पर्नेछ।

१६. <u>सवारी दर्ताको प्रमाण पत्र</u> : (१) दफा १४ बमोजिम कुनै सवारी दर्ता गराउनको लागि दफा १५ बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा सात दिन भित्र त्यस्तो सवारी दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दर्ताको प्रमाण पत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाण पत्र दिंदा सवारी विक्री गर्ने फर्म कम्पनी भए त्यस्तो फर्म वा कम्पनीको अधिकारिक प्रतिनिधि वा कर्मचारी र बिक्री वा हस्तान्तरण गर्ने व्यक्ति भए आफै वा प्रचलित कानून बमोजिम निजको वारेशलाई समेत सहीछाप गराई राख्नुपर्नेछ।

तर कुनै आवश्यक कागजात नपुग देखिएमा समय तोकी आवश्यक कागजात पेश गर्न अधिकार प्राप्त अधिकारीले मनासिब समय दिनेछ र त्यस्तो समय भित्र दरखास्तवालाले कागजात पेश गर्नु पर्नेछ।

तर सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरू एवम् प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाहरूको नाउँमा बाहेक चौधभन्दा बढी सिट संख्या तथा चार टन वा सो भन्दा बढी कुल वजन भएका सवारीहरूलाई निजी सवारीको रूपमा दर्ता गरिने छैन।

(३) नाबालकको नाममा सवारी दर्ता गर्दा अभिभावक वा माथवर संरक्षक समेतको नाम दर्ताको प्रमाण पत्रमा उल्लेख गरी दर्ताको प्रमाण पत्रमा निजको समेत सहीछाप गराउनुपर्नेछ।

(४) दर्ताको प्रमाण पत्रमा सवारी खरिद गर्दा सवारी साधनको निर्माताले दिएको सवारीको प्राविधिक विवरणमा लेखिएको सवारीको कुल भारवहन क्षमतालाई सो सवारीको भार मानी उल्लेख गर्नु पर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा त्यस्तो सवारीको भार रहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै रूपमा स्पष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ।

(५) दर्ताको प्रमाण पत्र दिइएको मितिले त्यस्तो प्रमाण पत्रको अवधि एक वर्षसम्म बहाल रहनेछ।

१७. <u>सडकमा चल्न सक्ने सक्षमताको प्रमाण पत्र दिनुपर्ने</u> : (१) दफा १६ बमोजिम कुनै सवारी दर्ताको प्रमाण पत्र दिनुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने ठीक स्थितिमा छ वा छैन भन्ने कुराको दफा २३ बमोजिम तोकिएको मापदण्डका अधिनमा रही जाँचबुझ गरी चलाउन सकिने ठीक स्थितिमा रहेछ भने मात्र त्यस्तो सवारी दर्ता गरी दर्ताको प्रमाण पत्र दिनु पर्नेछ। त्यसरी दर्ताको प्रमाण पत्र दिंदा त्यस्तो सवारीको धनीलाई त्यस्तो सवारी सडकमा चल्न सक्ने सक्षमता (रोड ओर्दीनेस) को प्रमाण पत्र समेत दिनु पर्नेछ।

तर, यस दफा बमोजिम सवारी चलाउन नसकिने कुरा यकिन भएमा नसक्ने कारण र आधार खुलाई सवारी धनीलाई अधिकार प्राप्त अधिकारीले सो कुराको लिखित जानकारी सात दिन भित्र गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको लिखित जानकारीमा चित्त नबुझे सवारी धनीले तीस दिन भित्र निर्देशनालयमा पुनरावेदन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको पुनरावेदन परेमा त्यस्को आवश्यक जाँचबुझ गरी निर्देशनालयले पैंतालीस दिन भित्र आवश्यक निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सक्षमताको प्रमाण पत्र सवारीमा सधैं भरी टाँसिएको हुनु पर्नेछ।

१८. संयुक्त दर्ता : कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुईभन्दा बढी व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष दफा १५ बमोजिम दरखास्त दिएमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो सवारीलाई ती व्यक्तिहरूको नाममा संयुक्त रूपमा दर्ता गरी निजहरूलाई दफा १६ बमोजिमको दर्ता प्रमाण पत्र दिनु पर्नेछ।

१९. अस्थायी दर्ता : देहायको अवस्थामा कुनै सवारी अस्थायी रूपमा दर्ता गर्न सकिनेछः

(क) सवारी पैठारी गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्याद भित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) पैठारी गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपुर्जाको खराबीको कारणले गर्दा तुरुन्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्थामा परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बिमा कम्पनीसँग क्षतिपूर्ति बिमा सम्बन्धी विवाद परी तुरुन्त दर्ता गर्न नसकिने भएमा,

(घ) विदेशी लगानी वा विदेशी राष्ट्र वा कम्पनीबाट नेपाल भित्र सञ्चालन वा निर्माण हुने आयोजना परियोजनाको निम्ति उपयोग हुने विदेशमा दर्ता भएको सवारी साधन भएमा।

२०. अस्थायी दर्ताको लागि दरखास्त : (१) दफा १९ मा लेखिएको कुनै अवस्था परी कुनै सवारी पैठारी गर्ने व्यक्ति वा निजको अनुपस्थितिमा निजको नजिकको हकवालाले सो सवारी पैठारी गर्ने व्यक्तिको नाममा अस्थायी रूपमा दर्ता गर्न सो सवारीको भन्सार महसुल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा दरखास्तवालाले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र जसको नाममा अस्थायी दर्ता गरिने हो सो व्यक्तिको हालसालै खिचिएको दुई प्रति फोटो समेत संलग्न गरेको हुनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लखिएको भए तापनि विदेशी राष्ट्र वा कम्पनीबाट संचालन वा निर्माण हुने आयोजनामा संचालन गरिने कुनै सवारी साधनको अस्थायी दर्ता प्रयोजनमा नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्ने छैन।

२१. अस्थायी दर्ताको प्रमाण पत्र : (१) दफा २० बमोजिम कुनै सवारी अस्थायी दर्ता गराउनको लागि कसैको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले सो सवारी दफा १९ बमोजिम अस्थायी रूपमा दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा अस्थायी दर्ताको प्रमाण पत्र दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) अस्थायी दर्ताको प्रमाण पत्र प्राप्त सवारीमा राख्नुपर्ने नम्बर प्लेटमा अस्थायी समेतको व्यहोरा जनाउनुपर्नेछ।

(३) अस्थायी दर्ताको प्रमाण पत्र एकै पटक वा पटक पटक गरी बढीमा छ महिनासम्म बहाल रहने गरी दिन सकिनेछ।

(४) यस दफामा जुनसुकै कुराले लेखिएको भए तापनि विदेशी लगानी वा विदेशी राष्ट्र वा कम्पनीद्वारा संचालन वा निर्माण हुने आयोजना परियोजनामा उपयोगहुने सवारी साधनको हकमा त्यस्तो आयोजना परियोजनाको काम सम्पन्न नहुञ्जेलसम्मका लागि अस्थायी अनुमति पत्र प्रदान गर्न सकिनेछ।

तर त्यस्ता सवारी साधनले तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

२२. <u>सवारी ल्याउनुपर्ने</u> : दफा १५ वा २० बमोजिम कुनै सवारी दर्ता गर्न दफा ३७ बमोजिम सवारी नामसारी गर्न दफा ३९ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि दरखास्त दिंदा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत कार्यालयमा दरखास्त साथ ल्याउनु पर्नेछ।

२३. <u>सवारीको जाँचबुझको लागि मापदण्ड तोक्न सकिने</u> : (१) कुनै सवारी चलाउन सकिने स्थितिमा छ छैन भन्ने कुराको जाँचबुझ गरी यकिन गर्न देहायका कुराहरूका सम्बन्धमा प्रदेश सरकारले समय समयमा आवश्यक मापदण्ड निर्धारण गरी तोक्न सक्नेछ।

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा,

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा,

(ग) सवारीबाट हुन सक्ने प्रदूषणको सम्बन्धमा,

(घ) सवारी साधन चलाउन सकिने अवधिको सम्बन्धमा।

(२) कुनै सवारी चलाउन सकिने स्थितिमा छ वा छैन भन्ने कुराको जाँचबुझ गरी सक्षमताको प्रमाण पत्र दिंदा वा जाँचपास गर्दा अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही जाँचबुझ गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सवारी चलाउन नसकिने देखिए सो कुराको आधार र कारण खुलाई सवारी धनीलाई अधिकार प्राप्त अधिकारीले तत्कालै लिखित जानकारी दिनु पर्नेछ।

२४. <u>सवारी दर्ता गर्न इन्कार गर्न सकिने</u> : (१) कुनै सवारी दर्ता गर्नका लागि दरखास्त परी सो सवारी दर्ता गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीले सो सवारीलाई दफा २३ मा तोकिएका मापदण्डका अधीनमा रही जाँचबुझ गर्दा त्यस्तो सवारी चलाउन सकिने स्थितिमा रहेको नदेखिएमा त्यस्तो सवारी दर्ता गर्न इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गर्नु परेमा अधिकार प्राप्त अधिकारीले सोको कारण र आधार खुलाई दरखास्तवालालाई तत्काल लिखित सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाइ वा यस्तै अन्य कारणले

गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा १४ बमोजिम गरिने दर्ता रोक्का गर्न मनासिब देखेमा मन्त्रालयले कुनै वा सबै सवारी दर्ताको सम्बन्धमा यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्ने आदेश दिन सक्नेछ।

२५. <u>दर्ताको मान्यता</u> : (१) यस ऐन बमोजिम कुनै अन्य प्रदेशमा दर्ता भएको सवारी साधन प्रदेश नम्बर एकमा पनि चलाउन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रदेशमा दर्ता भएको सवारी लगातार छ महिनाभन्दा बढी समय प्रदेश नम्बर एकमा चलाउन पाइनेछैन। त्यस्तो अवधिभन्दा बढी चलाउनुपर्ने भएमा यस ऐन बमोजिमको अधिकार प्राप्त अधिकारीबाट नामसारी दर्ता गर्नु पर्नेछ।

तर सरकारी, संस्थान, कुटनीतिक सुविधाप्राप्त सवारी र बाटो इजाजत पत्र भएको सार्वजनिक सवारीको हकमा यो बन्देज लागू हुनेछैन।

२६. <u>जानकारी दिनुपर्ने</u> : (१) अन्य प्रदेशमा दर्ता भएको सवारी प्रदेश नम्बर एक भित्र प्रवेश गरेमा प्रवेश गरेको चौबीस घण्टा भित्र सो सवारीको धनी वा चालकले प्रदेश प्रवेश गर्दाको प्रहरी चेकपोष्टमा त्यसको जानकारी दिनु पर्नेछ र त्यस्तो जानकारीको अभिलेख राखी सम्बन्धित प्रहरी कार्यालयले अनिवार्य रूपमा सोको सूचना नजिकको यातायात व्यवस्था कार्यालयलाई दिनु पर्नेछ। यातायात व्यवस्था कार्यालयले यथासम्भव त्यस्तो सूचनाको लगत आधुनिक प्रविधिको माध्यमबाट राख्नुपर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. <u>सरुवा दर्ता</u> : (१) अन्य प्रदेशमा दर्ता भएका सवारी साधन प्रदेश नम्बर एकमा स्थायी रूपमा चलाउनु परेमा त्यस्तो सवारी धनीले दर्ताको प्रमाण पत्र सहित हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो र तोकिए बमोजिमको दस्तुर समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष सरुवा दर्ताकोलागि निवेदन दिनु पर्नेछ।

तर सम्बन्धित सवारीको उत्पादन वर्षबाट पन्ध्रवर्ष म्याद नाघेको सवारीलाई कुनै किसिमले दर्ता गरिनेछैन।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले मापदण्ड बमोजिम त्यस्तो सवारीको जाँचबुझ गरी सरुवा दर्ता गर्न उपयुक्त देखेमा त्यस्तो सवारीको सरुवा दर्ता गरी सवारी धनीलाई दर्ताको प्रमाण पत्र दिनु पर्नेछ। सरुवा दर्ता गर्न नमिल्ने देखिएमा सोको आधार र कारण खुलाइ सवारी धनीलाई तत्काल अधिकार प्राप्त अधिकारीले लिखित जानकारी दिनु पर्नेछ।

२८. <u>सवारीको लगत राख्नुपर्ने</u> : अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारी धनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, आयात बिल, इन्जिन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन इत्यादी समेत स्पष्ट रूपमा खुल्ने गरी दर्ता किताबमा लेख्न लगाइ सवारीको लगत अद्यावधिक राख्नुपर्नेछ। त्यस्तो दर्ता किताबको सम्बन्धित पानामा सवारी धनीको फोटो टाँसी सवारी धनी वा निजको वारेसको सहिछाप समेत गराइ राख्नु पर्नेछ।

२९. **अनुमति नलिइ विदेशी सवारी चलाउन नहुने** : विदेशमा दर्ता भएको सवारी यस ऐन र प्रचलित कानून बमोजिम अनुमति नलिइ चलाउन पाइनेछैन।

३०. **विदेशी सवारी चलाउन अनुमति दिने** : (१) विदेशमा दर्ता भएको सवारी प्रदेश भित्र चलाउने अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर लिई प्रचलित कानून बमोजिम बढीमा एक महिनासम्मको लागि त्यस्तो सवारी चलाउन अनुमति दिन सक्नेछ।

तर त्यस्तो सवारीलाई नेपाल भित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने अनुमति दिइनेछैन।

(२) विदेशी सवारी संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **दर्ताको प्रमाण पत्र नवीकरण** : (१) दफा १६ को उपदफा (४) बमोजिम दर्ताको प्रमाण पत्रमा लेखिएको म्याद नाघेको तीन महिना भित्र दर्ताको प्रमाण पत्र नवीकरण गराइ सक्नु पर्नेछ।

(२) सवारी धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाण पत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाण पत्र सहितको दरखास्त अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

तर कुटनीतिक सुविधा प्राप्त अधिकारीको दर्ताको प्रमाण पत्र नवीकरण गर्न कुनै दस्तुर लाग्नेछैन।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाण पत्र सहितको दरखास्त पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाण पत्र अर्को एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघेपछि दर्ताको प्रमाण पत्र नवीकरण गराउन दरखास्त दिने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुइसय प्रतिशत, तीन वर्षसम्म तीनसय प्रतिशत, चार वर्षसम्म चारसय प्रतिशत र पाँच वर्षका लागि पाँचसय प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाण पत्र नवीकरण गर्नु पर्नेछ।

(५) सार्वजनिक सवारी साधन नवीकरण गर्दा बौद्धिक सम्पतिको प्रयोग र संगित रोयल्टी सम्बन्धमा तोकिए बमोजिम हुनेछ।

३२. **अधिकार प्राप्त अधिकारीले सूचना गर्नसक्ने** : दफा ३१ को उपदफा (१) बमोजिमको म्याद भित्र दर्ताको प्रमाण पत्र नवीकरण गर्न नल्याएमा कुटनीतिक सुविधाप्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कुटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको दर्ताको प्रमाण पत्र नवीकरण गर्न सूचना जारी गर्नसक्नेछ।

३३. **नवीकरण सम्बन्धी विशेष व्यवस्था** : दफा ३१ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कुटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाण पत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुस्ट संलग्न राखी दर्ताको

प्रमाण पत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाण पत्र पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ त्यसरी पाँच वर्षको लागि एकै पटक नवीकरण गर्ने सवारी साधनमा लाग्ने दस्तुरमा दश प्रतिशत छुट दिइनेछ।

तर त्यसरी पाँच वर्षको एकै पटक नवीकरण गर्दा सम्बन्धित सवारीको तोकिए बमोजिमको आयुको अवधि नबढ्ने गरी नवीकरण गर्नु पर्नेछ। साथै दुईपाङ्ग्रे सवारी (मोटरसाईकल, स्कुटर, मोपेड) साधन नवीकरण गर्दा दश वर्षसम्मको एकैपटक नवीकरण गर्न सकिनेछ। त्यसरी एकैपटक नवीकरण गर्दा लाग्ने दस्तुरको दश प्रतिशत छुट दिइनेछ।

३४. <u>दर्ताको प्रमाण पत्र स्वतः रद्द हुने</u> : (१) दफा ३१ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएको दर्ताको प्रमाण पत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाण पत्र रद्द भएको सवारीको लगत दर्ता किताबबाट कट्टा हुनेछ र त्यस्ता सवारी साधन चलाउन पाइनेछैन।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको दर्ताको प्रमाण पत्र नवीकरण गरिनेछैन।

३५. <u>पुनः दर्ता हुन सक्ने</u> : दफा ३४ बमोजिम दर्ताको प्रमाण पत्र रद्द भई लगत कट्टा भएको सवारी पुनः दर्ताको लागि ल्याएमा दफा ३१ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यती वर्षको लागि दफा ३१ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिवाना समेत लिई त्यस्तो सवारी दफा १६ बमोजिम दर्ता गरी सवारी धनीलाई अर्को दर्ताको प्रमाण पत्र दिनु पर्नेछ र त्यसरी प्रमाण पत्र प्राप्त गरे पछि सवारी चलाउन सकिनेछ।

३६. <u>सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने</u> : (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीको धनीको स्थायी ठेगाना बदिलएमा एक महिना भित्र दर्ताको प्रमाण पत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाण पत्रमा नयाँ ठेगाना जनाई दर्ता किताबमा समेत सच्याउनु पर्नेछ।

३७. <u>सवारीको नामसारी</u> : (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा दुई महिना भित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाण पत्र र सवारी साधनको कर तिरेको प्रमाण समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) कुनै सवारी धनी अशक्त भई कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वा कानून बमोजिम अदालत वा न्यायिक निकायको आदेशमा करागारमा बन्दी भएमा त्यस्तो सवारी धनीको नजिकको हकवालाले सवारी नामसारी वा हस्तान्तरणका लागि दरखास्त दिनसक्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले कम्तिमा पाँचौ तहको कर्मचारी खटाई सम्बन्धित सवारी धनी भएको स्थानमा गई दरखास्तको व्यहोरा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

हो, होइन यकिन गर्न सवारी धनीलाई कुनै दुईजना साक्षीको रोहवरमा सहिछाप गराई सोको प्रतिवेदन प्राप्त गर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि प्राप्त प्रतिवेदन समेतको आधारमा लिई अधिकार प्राप्त अधिकारीले उपदफा (२) को दरखास्त बमोजिमको नामसारी गरी दिनसक्नेछ।

(५) विदेशमा रहेको कुनै नेपाली नागरिकले आफ्नो सवारी साधन अन्य कसैको नाममा नामसारी गर्न चाहेमा सम्बन्धित देशको नेपाली राजदूतावास, वाणिज्य दूतावासबाट प्रमाणित रीतपूर्वकको वारेशनामा प्राप्त भएमा र त्यस्तो वारेशनामा उचित देखिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधन नामसारी गरी दिन सक्नेछ र त्यस्तो नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले नव्वे दिन भित्र सवारी धनीको मृत्यु भएको प्रमाण पत्र, दर्ताको प्रमाण पत्र र सवारी साधनको कर तिरेको निस्सा तथा आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने समेतको प्रमाण संलग्न राखी त्यस्तो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(७) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाण पत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गरी दिनु पर्नेछ।

(८) उपदफा (२) बमोजिमको नामसारीको लागि एकभन्दा बढी हकवालाको दरखास्त परेमा ती सबै हकबालाको नाममा त्यस्तो सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नु पर्नेछ।

(९) संयुक्त नामसारीका सम्बन्धमा कुनै विवाद परे प्राप्त प्रमाण र सम्बन्धित स्थानीय तहको सिफारिस समेतको आधारमा सो विवादको निरूपण गर्ने अधिकार अधिकार प्राप्त अधिकारीको हुनेछ र अधिकार प्राप्त अधिकारीले गरेको निर्णयमा चित नबुझे सम्बन्धित पक्षले क्षेत्राधिकार भएको अदालतमा उजुर गर्नसक्नेछ।

(१०) उपदफा (६) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोरा दर्ता किताबमा जनाउनुपर्नेछ।

(११) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले जाँचबुझ गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

(१२) सवारी नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. <u>दर्ता परिवर्तन गर्न नहुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालवाहक सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाण पत्र प्राप्त सवारीलाई यात्रुवाहक सवारीमा दर्ता परिर्वतन गरी प्रमाण पत्र दिइनेछैन।

३९. <u>स्वीकृति नलिई हेरफेर गर्न नहुने</u> : (१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई रङ्ग, सीट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिर्वतन वा हेरफेर गर्न पाउने छैन।

तर सवारीमा सामान्य पार्ट-पूर्जा परिवर्तन गर्न भने कुनै बाधा पुऱ्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु परी स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो हेरफेर गर्नुपर्ने कारण मनासिब देखेमा हेरफेर गर्ने स्वीकृति दिनु पर्नेछ।

तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिर्वतन गर्ने गरी स्वीकृति दिइने छैन।

(३) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिंदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लिइनेछ।

४०. <u>दर्ताको प्रमाण पत्र स्थगित गर्न सक्ने</u> : (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाण पत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछ।

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानि नोक्सानी हुने देखिएमा सो सवारी सन्तोषप्रद रूपमा मर्मत नगरेसम्मको अवधिको लागि।

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नुपर्ने कुनै शर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको परिधि भित्र रही अधिकार प्राप्त अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्मको लागि।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाण पत्र स्थगित गर्ने गरी सवारी धनीलाई आदेश दिंदा अधिकार प्राप्त अधिकारीले सोको कारण समेत स्पष्ट रूपमा खुलाएको हुनु पर्नेछ र स्थगित गर्नुको कारण सवारी धनीलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाण पत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ र प्रहरी कार्यालयले त्यस्तो जानकारीको अभिलेख राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाण पत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिन भित्र सवारी धनीले दर्ताको प्रमाण पत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ र नबुझाएमा यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले जरिवाना गर्न सक्नेछ।

(५) अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाण पत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाण पत्र निजलाई नै तत्काल फिर्ता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाण पत्र सवारी धनीलाई फिर्ता दिंदा अधिकार प्राप्त अधिकारीले सो दर्ताको प्रमाण पत्रमा स्थगित भएको अवधि र सोको कारण समेत स्पष्ट जनाई सो कुराको अभिलेख दर्ता किताबमा समेत जनाउन लगाउनु पर्नेछ।

४१. <u>दर्ताको प्रमाण पत्र खारेज गर्ने</u> : (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै किसिमले नासिएमा वा चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा वा

सो सवारी संचालन गर्न सक्ने तोकेको अवधि पूरा भई पत्रु गरिएमा सवारी धनीले पैंतीस दिन भित्र दर्ताको प्रमाण पत्र संलग्न राखी त्यस्तो सवारीको लगत कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ।

तर पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लानु परेमा सवारी धनीले अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी व्यहोरा साँचो देखेमा त्यस्तो दर्ताको प्रमाण पत्र खारेज गरी सोको व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नु पर्नेछ र त्यस्तो लगत कट्टाको जानकारी सवारी धनीलाई दिनु पर्नेछ।

(३) दर्ता प्रमाण पत्र खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **सवारी कर तथा नवीकरण दस्तुर मिन्हा दिने:** यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चल्न वा चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई दर्ताको प्रमाण पत्रको साथ त्यस्तो कुराको प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको प्रमाण पत्र खिची सो सवारी चलाउन नसकिने अवधिसम्मको लागि सो सवारीको धनीले तिर्नुपर्ने नवीकरण दस्तुर मिनाहा दिन सक्नेछ र त्यस्तो सवारी साधनमा लाग्ने वार्षिक करमा समेत तीस प्रतिशत छुट दिन सकिनेछ।

४३. **दर्ताको प्रमाण पत्रको प्रतिलिपि दिने** : (१) दर्ताको प्रमाण पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले पैंतीस दिन भित्र सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबिन गर्दा व्यहोरा उचित देखेमा अधिकार प्राप्त अधिकारीले सवारी धनीलाई त्यस्तो दर्ताको प्रमाण पत्रको प्रतिलिपि दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ताको प्रमाण पत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

४४. **विवरण पेश गर्नुपर्ने** : (१) विदेशबाट सवारी पैठारी गर्ने वा स्वदेशमा उत्पादन गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले पैठारी गरेको वा उत्पादन गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम र निर्माताको नाम समेत उल्लेख गरी त्यस्तो सवारीहरू मध्ये कुन सवारी कहिले उत्पादन गरेको वा कसलाई बिक्री गरेको, आफूले पैठारी र उत्पादन गरी बाँकी रहेको सवारी मध्ये कति सवारी मौज्दात रहेको छ भन्ने समेत खुलाई प्रत्येक महिना अधिकार प्राप्त अधिकारी समक्ष विवरण पेश गर्नु पर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी पैठारी गर्दा वा उत्पादन गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी, वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणहरूको अतिरिक्त सवारी पैठारी तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न

सक्नेछ। त्यसरी मागिएको विवरण तथा कागजात तुरुन्त उपलब्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ।

## परिच्छेद-४
## <u>चालक अनुमति पत्र सम्बन्धी व्यवस्था</u>

४५. <u>सवारी चलाउन नहुने</u> : कुनै पनि व्यक्तिले चालक अनुमति पत्र प्राप्त नगरी कुनै पनि किसिमको सवारी चलाउन हुँदैन।

४६. <u>सवारी चलाउन दिन नहुने</u> : कसैले आफ्नो स्वामित्व वा आफ्नो जिम्मामा रहेको कुनै सवारी चालक अनुमति पत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिनुहुँदैन।

४७. <u>चालकको लागि अयोग्यता</u> : देहायको व्यक्ति चालक अनुमति पत्र प्राप्त गर्न अयोग्य मानिने छ;

(क) ठूलो सवारीको निमित्त एक्काईस वर्ष उमेर पूरा नभएको व्यक्ति,

(ख) मझौला सानो सवारीको निमित्त अठार वर्ष उमेर पूरा नभएको व्यक्ति,

तर मोटर साइकल तथा त्यस्तै अन्य सानो दुइपाङ्ग्रे सवारीको निमित्त सोह्रवर्ष उमेर पुगेको व्यक्तिले चालक अनुमति पत्र प्राप्त गर्न सक्नेछ,

(ग) छारे रोग भएको वा मानसिक सन्तुलन गुमाएको वा एकाएक रिङ्गटा लाग्ने वा मूर्छा पर्ने हुने किसिमको रोग भएको व्यक्ति,

(घ) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको व्यक्ति,

(ङ) साधारण ध्वनि सङ्केत, आवाज सुन्न सक्ने क्षमता गुमाएको ब्यक्ति साथै एउटा वा दुवै आँखा नदेख्ने व्यक्ति वा,

(च) रातो, हरियो, पहेलो इत्यादी रङहरू तुरुन्त छुट्याउन नसक्ने दृष्टिदोष भएको व्यक्ति,

(छ) एउटा वा दुवै आँखा नदेखिने व्यक्ति,

(ज) रतन्धो भएको व्यक्ति, वा

(झ) हात खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको व्यक्ति,

तर अपाङ्गता भएको व्यक्तिको निमित्त खास किसिमले बनेको सवारीको लागि यो खण्डको बन्देज लागू हुनेछैन।

(ञ) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि शारीरिक आपाङ्गता भएको व्यक्तिको सन्दर्भमा नेपाल सरकारबाट मान्यता प्राप्त विशेषज्ञ चिकित्सकले सवारी चलाउन योग्य छ भनी सिफारिस गरेको व्यक्ति चालकको लागि योग्य मानिनेछ।

आन्तरिक मामिला तथा कानून प्रदेश नं. १

४८. <u>चालक अनुमति पत्रको लागि दरखास्त</u> : (१) दफा ४७ बमोजिमको अयोग्यता नभएको ब्यक्तिले कुनै सवारी चलाउन चालक अनुमति पत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्तसाथ दरखास्तवालाले चालक अनुमति पत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, हालसालै खिचिएको दुईप्रति फोटो, नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरिदिएको निरोगिताको प्रमाण पत्र र निजले चलाउन चाहेको सवारीको सम्बन्धमा मान्यता प्राप्त प्रशिक्षण केन्द्रले दिएको प्रमाण पत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ। तर दुईपाङ्ग्रे सवारी साधनको हकमा मान्यता प्राप्त प्रशिक्षण केन्द्रको प्रमाण पत्र आवस्यक पर्नेछैन।

(३) ड्राइभिङ्ग प्रशिक्षण केन्द्रले प्रदान गर्ने प्रमाण पत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. <u>दरखास्तवालाको परीक्षण</u> : (१) दफा ४८ बमोजिम दरखास्त परेपछि दरखास्तवाला त्यस्तो सवारी चलाउन समर्थ छ,छैन र निजलाई सवारी सम्बन्धी ऐन, कानून तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान छ,छैन भन्ने कुराको यकिन गर्न परीक्षा लिनु पर्नेछ। त्यसरी लिइने परीक्षाको विषय यस ऐन बमोजिमको परीक्षा समितिले तोकिदिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने दरखास्तवालाले तोकिए बमोजिम पुनः दरखारस्त दिन पाउनेछ।

५०. <u>चालक अनुमति पत्र दिने</u> : (१) दफा ४९ बमोजिम परीक्षा लिई सफल भएका दरखास्तवालालाई अधिकार प्राप्त अधिकारीले अनुसूची-५ बमोजिमको ढाँचामा चालक अनुमति पत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति पत्र दिंदा सो अनुमति पत्रमा ठूलो, मझौला, सानो वा ती मध्ये कुनै वा सबै सवारी चलाउन दिइएको हो भन्ने कुरा स्पष्ट रूपमा जनाउनुपर्नेछ। चालक अनुमति पत्र सुरुमा एकवर्षको लागि परीक्षणकालमा रहनेगरी दिईनेछ।

(३) निजी तथा सार्वजनिक सवारी चलाउने चालकलाई दिइने चालक अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. <u>विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमति पत्रको मान्यता</u> : (१) कसैले विदेशी राष्ट्रबाट चालक अनुमति पत्र प्राप्त गरेको रहेछ भने सो अनुमति पत्रमा लेखिएको सवारी चलाउने व्यक्तिले दफा ४८ बमोजिम दरखास्त दिएमा प्रयोगत्मक परीक्षा लिंदा सफल दरखास्तवालालाई अधिकार प्राप्त अधिकारीले चालक अनुमति पत्र दिनु पर्नेछ।

(२) विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. <u>अन्तर्राष्ट्रिय चालक अनुमति पत्र स्वतः मान्य हुने</u> :(१) अन्तर्राष्ट्रिय चालक अनुमति पत्र प्राप्त गरेको व्यक्तिले सो अनुमति पत्रमा लेखिएको सवारीहरू नेपालभर चलाउन पाउनेछ।

आन्तरिक मामिला तथा कानून प्रदेश

(२) अन्तर्राष्ट्रिय चालक अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५३. **चालक अनुमति पत्रको बैधता** : (१) दफा ५० बमोजिम चालक अनुमति पत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमति पत्रमा लेखिएका सवारीहरू मात्र चलाउन पाउनेछ।

(२) चालक अनुमति पत्र दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(३) चालक अनुमति पत्र प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. **चालक अनुमति पत्रमा अरू सवारी समावेश गर्ने** : (१) कुनै चालकले आफूले पाएको चालक अनुमति पत्रमा लेखिएका सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा परीक्षा समितिले चालक अनुमति पत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ, सक्दैन भन्ने कुराको यकिन गर्न यस ऐन बमोजिम निजको प्रयोगात्मक परीक्षा मात्र लिए पुग्नेछ।

(३) उपदफा (२) बमोजिम परीक्षा लिंदा सफल भएमा चालकको अनुमति पत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी अधिकार प्राप्त अधिकारीले नयाँ चालक अनुमति पत्र दिनु पर्नेछ।

५५. **चालक अनुमति पत्रको नवीकरण** : (१) दफा ५३ को उपदफा (१) बमोजिम चालक अनुमति पत्रमा लेखिएको म्याद नाघेको तीन महिना भित्र त्यस्तो चालक अनुमति पत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) चालकले उपदफा (१) बमोजिमको म्याद भित्र चालक अनुमति पत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि चालक अनुमति पत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमति पत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमति पत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्मको लागि दुई सय प्रतिशत, तीन वर्षसम्मको लागि तीन सय प्रतिशत, चार वर्षको लागि चार सय प्रतिशत र पाँच वर्षको लागि पाँच सय प्रतिशत थप दस्तुर लिई चालक अनुमति पत्र नवीकरण गर्न सकिनेछ।

५६. **चालक अनुमति पत्र स्वतः रद्द हुने** : (१) दफा ५५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको चालक अनुमति पत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको चालक अनुमति पत्रको लगत दर्ता किताबबाट कट्टा गरिनेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको चालक अनुमति पत्र नवीकरण गरिनेछैन।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि चालक अनुमति पत्र रद्द भएको सवारी चालकले दफा ५० बमोजिमको नयाँ अनुमति पत्र लिन भने कुनै बाधा पर्नेछैन।

५७. नवीकरण गराउँदा निरोगिताको प्रमाण पत्र पेश गर्नुपर्ने : सवारी चलाउने चालकले चालक अनुमति पत्र नवीकरण गराउँदा मान्यता प्राप्त स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाण पत्र समेत अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

५८. चालकको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने : (१) चालकको स्थायी ठेगाना बदलिएमा एक महिना भित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले साविकको ठेगाना वदर गरी चालकको नयाँ ठेगाना दर्ता किताबमा जनाउन लगाउनु पर्नेछ।

५९. चालक अनुमति पत्र निलम्बन गर्न सकिने : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम चालकले पालन गर्नुपर्ने शर्तहरू उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमति पत्र तोकिए बमोजिम निलम्बन गर्न सक्नेछ।

६०. चालक अनुमति पत्र खारेज गर्न सक्ने : (१) कुनै चालकमा दफा ४७ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा वा झुठा विवरण पेश गरी सवारी चालक अनुमति पत्र लिएको पाईएमा अधिकार प्राप्त अधिकाले त्यस्तो चालकको चालक अनुमति पत्र खारेज गरी सो अनुमति पत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले पन्ध्र दिन भित्र चालकले आफ्नो अनुमति पत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ।

६१. चालक अनुमति पत्रको प्रतिलिपि दिने : (१) चालक अनुमति पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा कुनै कारणबाट नासिएमा सात दिन भित्र चालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष चालक अनुमति पत्रको प्रतिलिपिका लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको परेको दरखास्त उपर आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले चालकलाई चालक अनुमति पत्रको प्रतिलिपि दिनेछ।

(३) उपदफा (२) बमोजिम चालक अनुमति पत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

## परिच्छेद-५
## परिचालक अनुमति पत्र सम्बन्धी व्यवस्था

६२. अनुमति पत्र नलिई परिचालकको काम गर्न नहुने : कुनै पनि व्यक्तिले परिचालक अनुमति पत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नुहुदैन।

६३. **परिचालकको काम लगाउन नहुने** :(१) परिचालक अनुमति पत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम परिचालक अनुमति पत्र नलिई परिचालकको काम गरेको पाइए निरीक्षण अधिकृत वा ट्राफिक प्रहरीले पहिलो पटकको हकमा सचेत गराउने र पुनः त्यस्तो पाइएमा त्यस्तो सवारीबाट हटाई सवारी धनी वा व्यवस्थापकलाई यस ऐन बमोजिम जरिवाना हुनेछ।

६४. **परिचालकको लागि अयोग्यता** : देहायको व्यक्ति परिचालक अनुमति पत्र प्राप्त गर्न अयोग्य हुनेछ।

(क) अठार वर्ष नपुगेको,

(ख) साधारण लेखपढ गर्न नजान्ने,

(ग) निरोगिताको प्रमाण पत्र पेश गर्न नसक्ने।

६५. **परिचालक अनुमति पत्रको लागि दरखास्त दिने** : (१) दफा ६४ बमोजिमको अयोग्यता नभएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमति पत्र लिन चाहेमा तोकिएको ढाँचामा स्थानीय तहको कार्यालयमा निवेदन दिनु पर्नेछ र त्यस्तो दरखास्त साथ स्थानीय तहको सभा वा कार्यपालिकाबाट स्वीकृत गरे बमोजिम लाग्ने दस्तुर बुझाउनु पर्नेछ। त्यस्तो स्थानीय तहको सभा वा कार्यपालिकाबाट दस्तुर स्वीकृत नभएको भए रु. तीनसय दस्तुर बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ दरखास्तवालाले परिचालक अनुमति पत्रका लागि तोकिएको दस्तुर हालसालै खिचिएको आफ्नो दुईप्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाण पत्र समेत संलग्न गर्नु पर्नेछ।

६६. **परिचालक अनुमितिपत्र दिने** : (१) दफा ६४ बमोजिमको योग्यता भएको व्यक्तिले परिचालकको लागि दरखास्त दिएमा सम्बन्धित स्थानीय तहको कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तसाथ संलग्न व्यहोरा साँचो देखिएमा दरखास्तवालालाई सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा परिचालक अनुमति पत्र दिनु पर्नेछ र त्यस्को जानकारी सम्बन्धित यातायात व्यवस्था कार्यालयमा र नजिकको ट्राफिक प्रहरी कार्यालय वा प्रहरी कार्यालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमति पत्र सो दिइएको मितिले पाँचवर्ष सम्म बहाल रहनेछ।

(३) परिचालक अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६७. **परिचालक अनुमति पत्र स्वतः रद्द हुने** : (१) यस ऐन वा नियम बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरेमा परिचालक अनुमति पत्र स्वतः रद्द हुनेछ।

तर निजले नयाँ परिचालक अनुमति पत्रको लागि दरखास्त दिन यो दफाले कुनै बाधा पार्नेछैन।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमति पत्रको लगत स्थानीय तहले दर्ता किताबबाट कट्टा गर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको परिचालक अनुमति पत्र नवीकरण गरिनेछैन।

६८. <u>परिचालकको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने</u> : (१) परिचालकको स्थायी ठेगाना बदलिएमा एक महिना भित्र सो कुराको सूचना अनुमति दिने कार्यालयलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित कार्यालयले परिचालकको नयाँ ठेगाना समेत दर्ता किताबमा जनाउन लगाउनु पर्नेछ।

६९. <u>परिचालक अनुमति पत्र निलम्बन गर्न सकिने</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिचालकले पालना गर्नुपर्ने आवश्यक शर्तहरू पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालक अनुमति पत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

७०. <u>परिचालक अनुमति पत्र खारेज गर्न सकिने</u> : दफा ६४ मा लेखिएको कुनै अयोग्य परिचालक भएको प्रमाणित भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो परिचालकको परिचालक अनुमति पत्र खारेज गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित यातायात व्यवस्था कार्यालयमा दिनु पर्नेछ।

७१. <u>परिचालक अनुमति पत्रको प्रतिलिपि दिने</u> : (१) परिचालक अनुमति पत्र हराएमा वा अन्य कुनै कारणबाट नासिएमा सात दिन भित्र परिचालकले सम्बन्धित स्थानीय तहको कार्यालय समक्ष परिचालक अनुमति पत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा सम्बन्धित स्थानीय तहको कार्यालयले परिचालकलाई अनुमति पत्रको प्रतिलिपि दिनेछ।

## परिच्छेद-६
## <u>यातायात व्यवस्थापन</u>

७२. <u>बाटो निर्धारण गर्ने</u> : मन्त्रालयले उपयुक्त देखेको ठाँउमा आवश्यकतानुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न बाटो निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नु पर्नेछ।

७३. <u>बाटो इजाजत पत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुने</u> : दफा ७२ बमोजिम निर्धारित बाटोमा बाटो इजाजत पत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्न पाउनेछैन।

७४. <u>बाटो इजाजत पत्रको लागि दरखास्त</u> : यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै बाटो प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५

ढाँचामा अधिकार प्राप्त  अधिकारी समक्ष बाटो इजाजत पत्रको लागि तोकिएको दस्तुर सहित दरखास्त दिनु पर्नेछ।

तर ई रिक्सा (तीन पाङग्रे) को हकमा सम्बन्धित स्थानीय तहमा दरखास्त दिनु पर्नेछ।

७५. <u>बाटो इजाजत पत्र दिनुपर्ने</u> : (१) दफा ७४ बमोजिम बाटो इजाजत पत्रको लागि दरखास्त परेमा अधिकार प्राप्त  अधिकारीले दफा ७७ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा प्रयोग गर्न अनुसूची-६ बमोजिमको ढाँचामा बाटो इजाजत पत्र दिनु पर्नेछ।

तर तीन  पाङग्रे "ई" रिक्साको बाटो इजाजत पत्र सम्बन्धमा सम्बन्धित स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम दिइएको बाटो इजाजत पत्र त्यस्तो इजाजत पत्र दिइएको मितिले छ महिनासम्म बहाल रहनेछ।

७६. <u>बाटो इजाजत पत्र दिंदा जाँच्नुपर्ने कुराहरू</u> : दफा ७५ बमोजिम कुनै सार्वजनिक सवारीलाई बाटो इजाजत पत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा गरे नगरेको अधिकार प्राप्त अधिकारीले जाँचबुझ गरी पूरा गरेको भए त्यस्तो सार्वजनिक सवारीलाई बाटो इजाजत पत्र दिनु पर्नेछ।

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी तथा सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको बिमा र चालक एवम् परिचालकको अनुमति पत्र,

(ख) सवारीको जाँचपास,

(ग) दर्ताको प्रमाण पत्र नवीकरण।

७७. <u>बाटो परिर्वतन गर्नु परेमा</u> : (१) बाटो इजाजत पत्रको अवधि समाप्त नहुँदै सो बाटो इजाजत पत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै बाटोमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः बाटो इजाजत पत्रको लागि दरखास्त दिई बाटो इजाजत पत्र लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त  अधिकारीले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको बाटो इजाजत पत्र खारेज गरी नयाँ बाटोको इजाजत पत्र दिनु पर्नेछ।

७८. <u>पटके बाटो इजाजत पत्र</u> : (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई बाटो इजाजत पत्रमा लेखिएको बाटो बाहेक अन्य कुनै बाटोमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके बाटो इजाजत पत्रको लागि तोकिएको ढाँचमा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी व्यहोरा ठीक देखेमा वढीमा पन्ध्र दिनसम्म पटके बाटो इजाजत पत्र दिन सक्नेछ।

(३) पटके बाटो इजाजत पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७९. बाटो इजाजत पत्र दिन इन्कार गर्न सकिने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्न बाटो इजाजत पत्र प्रदान गर्दा त्यस्तो बाटोमा यात्रीको चाप र यातायात सेवामा संलग्न सार्वजनिक सवारीको संख्यालाई हेर्दा फेरी अर्को सवारीको निमित्त सोही बाटो इजाजत पत्र प्रदान गर्न आवश्यक नदेखिएमा वा प्रदूषण वा अन्य कुनै कारणबाट कुनै सार्वजनिक सवारीको निमित्त बाटो इजाजत पत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले व्यवस्थापन समितिसँग परामर्श गरी बाटो इजाजत पत्र दिन इन्कार गर्न सक्नेछ।

तर इन्कार गर्नुको कारणसमेत खुलाई सम्बन्धित सवारी धनीलाई तत्काल सूचना दिनु पर्नेछ।

(२) मध्यम बाटो र लामो बाटोको यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारी तथा त्यसमा यात्रा गर्ने यात्री एवम् काम गर्ने कर्मचारी समेतको सुरक्षालाई ध्यानमा राखी त्यस्तो बाटोमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर तोकिए बमोजिम हुनेछ। अधिकार प्राप्त अधिकारीले तोकिएको स्तर नभएका सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा यातायात सेवा सञ्चालन गर्ने बाटो इजाजत पत्र दिन इन्कार गर्नसक्नेछ।

**८०. बहुबाटो इजाजत दिन सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले यातायात सेवा पुऱ्याइरहेको बाटोमा कुनै असर नपर्ने गरी सो बाटोसँग सम्बन्धित हुन आउने अन्य बाटोमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले बाटो इजाजत दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एक भन्दा बढी बाटोमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहुबाटो इजाजत दिँदा त्यस्तो प्रत्येक बाटोको लागि लाग्ने तोकिएको दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ।

**८१. बाटो इजाजत पत्र नवीकरण** : (१) दफा ७५ को उपदफा (२) बमोजिम बाटो इजाजत पत्रमा लेखिएको म्याद नाघेको पन्ध्र दिन भित्र त्यस्तो बाटो इजाजत पत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम बाटो इजाजत पत्र नवीकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिए बमोजिमको दस्तुरसमेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो बाटो इजाजत पत्र अर्को छ महिनाको लागि नवीकरण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी बाटो इजाजत पत्र नवीकरणका अतिरिक्त सवारी धनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरणको दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो बाटो इजाजत पत्र नवीकरण गर्नु पर्नेछ।

**८२. बाटो इजाजत पत्र स्वतः रद्द हुने** : (१) दफा ८१ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो बाटो इजाजत पत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको बाटो इजाजत पत्रको लगत कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भइसकेको बाटो इजाजत पत्र नवीकरण गरिने छैन।

८३. **<u>पुनः बाटो इजाजत पत्र दिन सकिने</u>** : दफा ८२ बमोजिम रद्द भई लगत कट्टा भएको बाटो इजाजत पत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः बाटो इजाजत पत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थाकबाट दफा ८१ बमोजिम लिनुपर्ने नवीकरण तथा थप दस्तुरसमेत लिई पाँचहजार रुपैयाँ जरिवाना गरी त्यस्तो सवारी चलाउन दफा ७५ बमोजिम अर्को बाटो इजाजत पत्र दिनु पर्नेछ।

८४. **<u>बाटो इजाजत पत्र स्थगित गर्न सकिने</u>** : (१) यस ऐन बमोजिम बाटो इजाजत पत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री चार महिना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई बाटो इजाजत पत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो बाटो इजाजत पत्र स्थगित गर्नका लागि दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको बाटो इजाजत पत्र स्थगित गर्न सक्नेछ।

(३) बाटो इजाजत पत्रमा तोकेको बाटोमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जन जीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा प्रदेश सरकारले त्यस्ता सवारीको बाटो इजाजत पत्र बढीमा तीन महिनासम्मको लागि स्थगित गर्न सक्नेछ।

८५. **<u>बाटो इजाजत पत्र रद्द गर्न सकिने</u>** :(१) यस ऐन बमोजिम बाटो इजाजत पत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा वा सधैंको लागि विदेश गएमा वा त्यस्तो सवारी चलाउन पाउने अवधि समाप्त भएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी बाटो इजाजत पत्रको मान्यता रद्द गराउन अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले बाटो इजाजत पत्र रद्द गरी सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

८६. **<u>बाटो इजाजत पत्रको प्रतिलिपि दिने</u>** : (१) बाटो इजाजत पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिन भित्र सवारी धनी वा व्यवस्थापकले बाटो इजाजत पत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी व्यहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजत पत्रको प्रतिलिपि दिनेछ।

(३) उपदफा (२) बमोजिम बाटो इजाजत पत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

८७. **<u>जाँचपास गराउनुपर्ने</u>** : (१) कुनै पनि सार्वजनिक सवारीको बाटो इजाजत पत्र लिन यस ऐन बमोजिम त्यस्तो सवारीको जाँचपास गराएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि बाटो इजाजत पत्र दिइनेछैन।

८८. **<u>जाँचपासको लागि दरखास्त</u>** : जाँचपास गराउन चाहने सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले जाँचपासको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुरसमेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

८९. **<u>जाँचपास प्रमाण पत्र दिनुपर्ने</u>** : (१) दफा ८८ बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी जाँच्न लगाई त्यस्तो सवारीको यान्त्रिक स्थिति र स्वरूप ठीक देखिएमा तोकिएको ढाँचामा जाँचपासको प्रमाण पत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाण पत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ।

(३) उपदफा (२) बमोजिम सवारीको अवस्था ठीक नदेखी जाँचपासको प्रमाण पत्र दिन नसकिने भएमा सवारी धनीलाई सोको जानकारी दिनु पर्नेछ।

९०. **<u>पुनः जाँचपास गराउनुपर्ने</u>** : (१) दफा ८९ को उपदफा (२) मा लेखिएको म्याद नाघेको मितिले सात दिन भित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि दरखास्त दिई जाँचपास गराउनुपर्नेछ।

(२) उपदफा (१) मा लेखिएको म्यादसम्म पुनः जाँचपास नगराएमा सो म्याद नाघेको पैंतीस दिन भित्र त्यस्तो सवारी जाँचपास गराउन ल्याएमा जाँचपासको लागि लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो सवारी जाँचपास गरी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र पनि जाँचपास नगराएमा त्यस्तो जाँचपासको प्रमाण पत्र स्वतः रद्द हुनेछ । यसरी जाँचपासको प्रमाण पत्र रद्द भएको सार्वजनिक सवारी पुनः म्याद समाप्त भएको छ महिना भित्र जाँचपास गराउन ल्याएमा सवारी धनी वा व्यवस्थापकबाट उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँचहजार सम्म थप जरिवाना लिई त्यस्तो सवारी पुनः जाँचपास गरी जाँचपासको प्रमाण पत्र दिनु पर्नेछ।

(४) यस दफामा जे सुकै लेखिएको भए तापनि दुर्घटनाग्रस्त सवारी र अनुसन्धानको सिलसिलामा रहेको सवारीको हकमा तोकिए बमोजिम हुनेछ।

९१. **<u>यातायात सेवाको नाम पञ्जिकृत गर्ने</u>** : (१) सार्वजनिक यातायात सेवाको नाम निर्देशनालयमा पञ्जिकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नुहुदैन।

तर तीन पाङग्रे “ई” रिक्साको हकमा यो दफा लागू हुनेछैन।

(२) यातायात सेवाको नाम निर्देशनालयमा पञ्जिकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापकले त्यस्तो सेवा पञ्जिकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी निर्देशनालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको दरखास्त उपर निर्देशनालयले आवश्यक जाँचबुझ गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न दरखास्तवालालाई अनुसूची-७ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ। त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमति पत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले त्यस्तो यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा निर्देशनालयको स्वीकृति लिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमति पत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(५) यस दफा बमोजिम पञ्जीकृत यातायात सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९२. **यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नवीकरण** : (१) दफा ९१ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महिना भित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमति पत्र नवीकरण गरी सक्नु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम अनुमति पत्र नवीकरण गराउनको लागि तोकिएको बमोजिमको ढाँचामा दस्तुर सहित निर्देशनालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दरखास्त परेमा निर्देशनालयले त्यस्तो अनुमति पत्र अर्को पाँचवर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमति पत्र नवीकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट सो म्याद नाघेको छ महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ।

९३. **यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र स्वतः रद्द हुने** : (१) दफा ९२ को उपदफा (४) बमोजिम निर्धारित अवधि भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र नवीकरण नगराएमा त्यस्तो अनुमति पत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमति पत्रको लगत कट्टा हुनेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भइसकेको अनुमति पत्र पुनः नवीकरण गरिनेछैन।

९४. **भाडा निर्धारण गर्ने** : (१) प्रदेश भरिको कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक तथा मालवाहक सार्वजनिक सवारीले लिने भाडा दर निर्धारणको लागि प्रदेश मन्त्रालयले एक परामर्श समिति गठन गर्नेछ र त्यस्तो परामर्श समितिको रायलाई समेत विचार गरी मन्त्रालयले भाडा निर्धारण गर्नेछ। परामर्श समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्री गुण्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम तोकिएको भाडा दरभन्दा बढी हुने गरी भाडा लिनु हुँदैन।

९५. **परिचयपत्र नलगाएको व्यक्तिले टिकट बेच्न नपाउने**: (१) सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा व्यक्तिले पञ्जिकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नझुण्ड्याई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न पाउनेछैन।

(२) उपदफा (१) बमोजिम परिचय नझुण्डाई टिकट बेचेको पाइएमा त्यस्तो व्यक्तिलाई सम्बन्धित ट्राफिक कार्यालयले प्रत्येक पटक एकहजार जरिवाना गर्नेछ।

९६. **यात्री टिकटको ढाँचा** : सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ।

९७. **माल ढुवानी गर्दा माल ढुवानीको विवरण सहितको बिल दिनुपर्ने** : मालवाहक सार्वजनिक सवारीले कुनै किसिमको माल ढुवानी गर्दा मालसामानको धनीले त्यस्तो मालसामानको विवरणसहित उल्लेख गरिएको माल ढुवानीको सवारी धनी वा चालकलाई बिल दिनु पर्नेछ र त्यसरी दिइने बिलको ढाँचा तोकएबमोजिम हुनेछ।

९८. **यात्री-सूची तयार गर्नुपर्ने** : मन्त्रालयले तोकिदिए बमोजिमको मध्यम बाटो वा लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना स्पष्ट खुलाई यात्री-सूची तयार गर्नु पर्नेछ। त्यसरी तयार गरिएको यात्री सूचीको एकप्रति आफूसँग राखी अर्कोप्रति नजिकको प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ।

९९. **यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनुपर्ने** : (१) सार्वजनिक यातायात सेवाका धनी, व्यवस्थापक, चालक वा परिचालकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरुदेखी गन्तव्य स्थानसम्म निर्धारित समय भित्र सुरक्षासाथ पुऱ्याउनु निजको कर्तव्य हुनेछ। तर यात्रुलाई असुविधा हुनेगरी सम्बन्धित स्थानसम्म पुग्ने गन्तव्य निर्धारण गर्नुहुदैन।

(२) कुनै सार्वजनिक सवारी बिग्रेमा वा प्राकृतिक प्रकोप परी सवारी अघि बढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा अन्य कर्मचारीको अनिवार्य दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा पनि सवारी धनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने आवश्यक व्यवस्था गर्नु पर्नेछ। तर कुनै अवस्था परेमा वा कावु बाहिरको परिस्थिति आइपरेमा वाहेक यात्रीलाई तोकिएको गन्तव्यमा पुऱ्याउने जिम्मेवारी लिएपछि बीचैमा अर्को सवारी परिवर्तन गरी पठाउन पाइनेछैन। यस्तो कार्य गरेमा अधिकार प्राप्त अधिकारीले रु.पाँचसय जरिवाना गर्नेछ।

१००. **सीट भन्दा बढी यात्री राख्न नहुने** : यात्रीवाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाण पत्रमा लेखिएको सीट संख्या भन्दा बढी यात्रु राखी चलाउनु हुँदैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१०१. <u>यात्रा विश्राम गर्नुपर्ने</u> : चार घण्टा भन्दा बढी दुरीमा चल्ने यात्रीवाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक आधाघण्टा विश्राम गर्नु पर्नेछ।

१०२. <u>चालकको पालो फेर्नुपर्ने</u> :(१)लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक सार्वजनिक सवारीमा कम्तिमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ घण्टापछि पालै पालोसँग सवारी चलाउन लगाउने कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

(२) उपदफा (१) बमोजिम दुईवटा चालक राखेको नपाइएमा त्यस्तो सार्वजनिक सवारी साधनको इजाजत अधिकार प्राप्त अधिकारीले पन्ध्र दिनसम्म निलम्बन गर्न सक्नेछ।

१०३. <u>टिकट नलिई यात्रा गर्नमा प्रतिबन्ध</u> : कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन र सवारी धनी वा व्यवस्थापकले यात्रु टिकटको व्यवस्थापन गर्नु पर्नेछ।

१०४. <u>बाटोको नक्सा र समय तालिकाको जानकारी गराउने</u> : (१) अधिकार प्राप्त अधिकारीले प्रत्येक सवारी साधन बिसौनीमा सो बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको बाटोको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको बाटो, नक्सा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकार प्राप्त अधिकारी वा निजले खटाएको कर्मचारीले सोको सूचना तुरुन्त यात्रीहरूलाई दिने व्यवस्था गर्नु पर्नेछ।

१०५. <u>सीट सुरक्षित राख्नुपर्ने</u> : (१) स्थानीय तथा छोटो बाटोमा चल्ने यात्रीवाहक सार्वजनिक ठूलो सवारीमा दुईवटा सिट शारीरिक अपाङ्गता भएका व्यक्तिको लागि, दुईवटा सिट जेष्ठ नागरिकको लागि र दुईवटा सिट महिलाहरूका लागि सुरक्षित राख्नुपर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

(२) लामो बाटो चल्ने ठूला यात्रीवाहक सार्वजनिक सवारीमा एकवटा सीट शारीरिक अपाङ्गता भएका यात्रीको लागि र चारवटा सीट महिलाहरूका लागि, दुईवटा सिट जेष्ठ नागरिकको लागि सुरक्षित राख्नुपर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

तर त्यस्तो सीट त्यस्तो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु चारघण्टा अघिसम्म मात्र सुरक्षित राखिनेछ।

१०६. <u>सुरक्षाकर्मी राख्न सकिने</u> : मध्यम र लामो बाटोमा यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले सो सवारी तथा यात्रीवाहक सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन प्रदेश सरकारसँग अनुरोध गरी प्रदेश सरकारले त्यस्तो सवारीमा सुरक्षाकर्मी तैनाथ गर्नुपर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

१०७. **अनुचित व्यवहार गर्न नहुने** : कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नुहुदैन र त्यस्तो अनुचित व्यवहार भएमा प्रचलित कानून बमोजिम दण्डनीय हुनेछ।

१०८. **सार्वजनिक सवारीमा धुम्रपान गर्न नहुने** : सार्वजनिक सवारीमा चालक, परिचालक, सुरक्षाकर्मी, कर्मचारी तथा यात्रुले धुम्रपान गर्नुहुदैन।

१०९. **चालकसँग कुरा गर्न नहुने** : सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउनहुँदैन।

११०. **फेला परेको मालसामान बुझाउनुपर्ने** : सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ। त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौवीस घण्टा भित्र अधिकार प्राप्त अधिकारी वा नजिकको यातायात कम्पनीको कार्यालयमा बुझाउनु पर्नेछ।

१११. **यात्री लिन इन्कार गर्न नहुने** : मध्यम वा लामो बाटोमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक वा अन्य सार्वजनिक सवारीले सवारी खालिरहेको अवस्थामा यात्री लिन इन्कार गर्न पाउनेछैन। त्यस्तो इन्कार गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले सार्वजनिक यातायातमा संलग्न व्यक्तिलाई कार्वाही गर्न सक्नेछ।

११२. **प्रदेश सरकारको विशेष अधिकार** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाँउमा यातायात सेवा सञ्चालन गर्नुपर्ने गरी वा नपर्ने गरी सवारी धनी वा व्यवस्थापकलाई प्रदेश सरकारले आदेश दिन सक्नेछ र त्यस्तो आदेशमा त्यस्तो आदेश दिनुको आधार र कारण खोली सूचना दिइनेछ।

## परिच्छेद- ७
## आवगमन नियन्त्रण

११३. **सवारीको गति निर्धारण** : निर्देशनालयले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सो भन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ । यसरी निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी वेगले सवारी चलाउनु हुदैन।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गतिसम्बन्धी सूचना वा संकेत निर्देशनालयले जडान गर्न लगाउनुपर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागू हुनेछैन।

तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनी तथा बत्तिको प्रयोग गर्नु पर्नेछ।

११४. **सवारीको वजन** : निर्देशनालयले कुनै सार्वजनिक सडकको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ। यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउनु हुँदैन।

११५. **सवारीमा राखिने मानिस र मालसामानको हद तोक्ने** : (१) सार्वजनिक सवारीमा राख्न सकिने मानिसको सङ्ख्या र मालसामानको वजन निर्देशनालयले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको सङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा मानिस वा मालसामान राख्न हुँदैन।

११६. **सवारी चलाउन प्रतिबन्ध लगाउने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको आदेशबाट निर्देशनालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा प्रतिबन्ध लगाउन सक्नेछ । यसरी प्रतिबन्ध लगाइएकोमा निर्देशनालयले सो कुराको सूचना त्यस्तो स्थानमा टाँसगर्न, टाँग्न वा जडान गर्न लगाउनुपर्नेछ।

११७. **ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडानगर्ने** : (१) निर्देशनालयले आवश्यक देखेको सार्वजनिक स्थानहरूमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रचलन अनुरूपको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू निर्देशनालयले खटाएको व्यक्ति बाहेक अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्नुहुँदैन।

११८. **ट्राफिक सङ्केतको पालन गर्नुपर्ने** : (१) सवारी चलाउँदा चालक तथा परिचालकले ट्राफिक सङ्केतको पालन गर्नु पर्नेछ।

(२) चालकले पालन गर्नुपर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन्।

(३) सडक प्रयोगकर्ता जोसुकैले पनि ट्राफिक नियमको पालना गर्नु पर्नेछ। तेस्तो ट्राफिक नियमको उलङ्घन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम जरिवाना हुनेछ।

११९. **पार्किङ्ग स्थान तथा सवारी साधन बिसौनी निर्धारण गर्ने** : अधिकार प्राप्त अधिकारीले गाँउ, नगर तथा जिल्लाका स्थानीय तहका पदाधिकारी र ट्राफिक प्रहरी कार्यालयसँग परामर्श गरी मूल सडकको आवागमनमा प्रतिकूल असर नपर्ने गरी पार्किङ्गस्थल तथा सवारी साधन बिसौनीहरू निर्धारण गर्नु पर्नेछ।

१२०. **सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने** : (१) कुनै पनि सवारी अरू कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राखी राख्नु हुँदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएको त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राख्ने र रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाटा देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नुपर्नेछ।

१२१. <u>सवारीको अन्य भागमा मानिस राख्न नहुने</u> : कुनै सवारी चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले लामो एवं मध्यम बाटोमा चल्ने सवारीमा मानिस बस्न बनेको सिट बाहेक सवारीको अन्य भागमा र छोटो तथा स्थानीय बाटोमा चल्ने सवारीमा सवारीको भित्री भाग बाहेक अन्य भागमा मानिस राखी सवारी चलाउनु वा चलाउन लगाउनु हुँदैन।

१२२. <u>चालकलाई बाधा पुग्ने काम गर्न नहुने</u> : कसैले चालकको क्षेत्र (ड्राइभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रक्षय रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्नहुँदैन।

१२३. <u>आवागमनमा बाधा पार्न नहुने</u> : कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राख्नहुँदैन। तर कुनै विशेष परिस्थिति परी कुनै सार्वजनिक स्थानमा केही समयको लागि कुनै मालसामान राख्नुपर्ने भएमा नजिकको प्रहरी कार्यालयलाई सोको जानकारी दिई त्यस्तो कार्यालयको स्वीकृति लिनुपर्नेछ।

१२४. <u>सार्वजनिक स्थानमा खाल्डो खन्दा साङ्केतिक चिन्ह राख्नुपर्ने</u> : (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्डो खन्दा नजिकको प्रहरी कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्डो खन्ने स्वीकृति दिंदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट प्रहरी कार्यालयले साङ्केतिक चिन्ह राख्न लगाउनु पर्नेछ।

१२५. <u>सवारीमा सांकेतिक चिन्ह राख्नुपर्ने</u> : कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालवाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि सांकेतिक चिन्ह देखिने गरी राख्नुपर्नेछ।

१२६. <u>सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने</u> : (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि ब्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेको कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नुहुँदैन।

१२७. <u>दुर्घटनामा परेको सवारी र यात्राको हानि नोक्सानी गर्न नहुने</u> : कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई पिट्न वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन।

१२८. <u>सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनुपर्ने</u> : तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ। दुईपाङ्ग्रे सवारी (मोटरसाइकल, स्कुटर, मोपेड) साधन चलाउँदा हेल्मेट अनिवार्य रूपमा लगाउनु पर्नेछ।

१२९. <u>खोजेको बेला देखाउनु पर्ने</u> : (१) कुनै पनि चालक र सहचालकले प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा चालक वा परिचालकको अनुमति पत्र हेर्न खोजेमा देखाउनु पर्नेछ।

(२) प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाण पत्र वा सार्वजनिक सवारीको बाटो इजाजत पत्र हेर्न खोजेमा त्यस्तो सवारीको चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले दर्ताको प्रमाण पत्र वा बाटो इजाजत पत्र देखाउनु पर्नेछ।

१३०. <u>सवारी रोक्नु पर्ने</u> : चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोकी आवश्यकता अनुसार उचित समयसम्म अड्याई राख्नुपर्नेछ।

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबू हुने सम्भावना रहेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा,

(घ) जेब्रा क्रसिङ्मा मानिस ओहोर-दोहोर गरेको अवस्थामा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा,

(ङ) कुनै जंगली जनावरले बाटो काटिरहेको भएमा,

(च) कुनै मानिस बीच बाटोमा बेहोस वा अशक्त अवस्थामा रहेको पाइएमा,

(छ) घरपालुवा जनावरलाई जनावर धनी वा जनावरको हेरचाह गर्ने व्यक्तिले बाटो कटाइरहेको अवस्थामा,

(ज) बाढी, पहिरो, भूकम्प र आगजनी जस्ता प्राकृतिक प्रकोप परेको अवस्थामा सोको अवस्था हेरी।

१३१. <u>दुर्घटना भएमा चालकको कर्तव्य</u> : (१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोटपटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरुन्त सो दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनु पर्नेछ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालक, परिचालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१३२. <u>दुर्घटना परेको सवारीको निरीक्षण</u> : (१) दुर्घटनाको जाँचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष ल्याउन सम्भव भएसम्म दाखिला गर्न लगाई ल्याउन सम्भव नभए त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षणको कार्य समाप्त भए पछि त्यस्तो सवारी अनुसन्धानको लागि राख्नु पर्ने अवस्थामा बाहेक दुर्घटना भएको सवारी तत्काल सवारी धनीलाई जिम्मा दिनु पर्नेछ।

१३३. <u>सवारी बायाँतिरबाट चलाउनुपर्ने</u> : (१) कुनै पनि सार्वजनिक स्थानमा सवारी चलाउँदा चालकले तोकिएको स्थानमा बाहेक अन्य स्थानमा बायाँ किनारा च्यापी चलाउनु पर्नेछ ।

(२) अगाडि गइरहेको सवारीलाई उछिनी जानु परेमा सङ्केत दिई उक्त सवारीको चालकले अगाडि जान संकेत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्नेछ । यसरी पछाडिको सवारीले उछिनी जानको लागि संकेत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई संकेत दिनु पर्नेछ।

१३४. <u>पेटीबाट हिंडनुपर्ने</u> : मानिस हिंडने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिंडनु पर्नेछ। पेटी नभएको सडकमा हिंडदा सो सडकको देब्रे किनारा च्यापी हिड्ने गर्नु पर्नेछ।

१३५. <u>निर्धारित ठाउँबाट बाटो काट्नुपर्ने</u> : पैदल हिड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो बाटो काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ। निर्धारित ठाउँबाट बाटो नकाट्ने व्यक्तिलाई यस ऐन बमोजिम जरिवाना हुनेछ।

१३६. <u>पाल्तु पशुपन्छी छाड्न नहुने</u> : (१) सवारी चलाउन वा मानिस हिंडनलाई बाधा पर्ने गरी कसैले पनि घर पालुवा पशुपन्छीलाई लापरवाही गरी सवारी आवागमन हुने सडकमा छाडा छाड्नु हुँदैन । यदि लापरवाही ढंगले छाडा छोडिएको पशुलाई सवारीले ठक्कर दिएमा सवारी चालक वा सवारी धनी जिम्मेवार हुनेछैन।

(२) उपदफा (१) को व्यवस्था यो ऐन लागू भएको छ महिना सम्म निर्देशनालयले सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ।

(३) उपदफा (१) को व्यवस्था यो ऐन प्रारम्भ भएको मितिले छ महिना पछिबाट मात्र लागू हुनेछ।

१३७. <u>जानकारी दिनुपर्ने</u> : (१) अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले कुनै सवारीको सम्बन्धमा मागेको कुनै पनि जानकारी सो सवारी चालक वा सवारी धनीले निजहरूलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

१३८. <u>घुम्ती निरीक्षक</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यायायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।

१३९. <u>चालकले आफ्नो अनुमति पत्र अरूलाई दिन नहुने</u> : कुनै पनि चालकले अरूलाई सवारी चलाउनको निमित्त आफ्नो अनुमति पत्र दिनुहुँदैन।

१४०. <u>मादक तथा अन्य लागू पर्दाथ सेवन गर्न नहुने</u> : (१) सवारी चलाउँदा चालक, परिचालक र सुरक्षाकर्मीले मादक वा अन्य कुनै पनि प्रकारको लागू पदार्थ सेवन गर्नुहुँदैन।

(२) सार्वजनिक सवारीमा यात्रा गर्ने कुनै व्यक्तिले यात्रु, चालक, परिचालक र सुरक्षाकर्मीलाई बाधा पुग्ने गरी मादक पदार्थ सेवन गर्नुहुदैन।

१४१. <u>अँध्यारोमा सवारी चलाउँदा बत्ती बाल्नुपर्ने</u> : कुनै पनि अँध्यारोमा वा कुहिरो लागेका बेलामा सवारी चलाउँदा सो सवारीको बत्ती बाल्नुपर्नेछ।

१४२. <u>अवस्था ठीक नभएको सवारी चलाउन नहुने</u> : (१) सवारीको कुनै पनि पार्ट पुर्जा बिग्री अवस्था ठीक नभएको सवारी चलाउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्थामा नजिकको ग्यारेज वा मेकानिक समक्ष अवस्था ठीक नभएको सवारी लैजान भने बाधा पुग्नेछैन।

१४३. <u>आवश्यक सहयोग पुऱ्याउने</u> : कुनै पनि सवारीले दुर्घटनामा परेको अन्य सवारी वा सवारीमा रहेको मानिसलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ।

१४४. <u>प्रचार प्रसार गर्ने गराउने</u> : सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक संकेतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा निर्देशनालयले विभिन्न संचार माध्यमबाट ट्राफिक संकेत सम्बन्धी कार्यक्रमहरू प्रसारित गर्ने व्यवस्था गर्नु पर्नेछ।

१४५. <u>लापरवाही साथ सवारी चलाउन नहुने</u> : कुनै चालकले सवारी चलाउँदा लापरवाही वा हेलचेक्र्याई गरी सवारी चलाउनु हुँदैन।

## परिच्छेद-८
## <u>बिमा सम्बन्धी व्यवस्था</u>

१४६. <u>सवारीको बिमा गराउनुपर्ने</u> : (१) सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम प्रत्येक सवारीको बिमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिमा नगरेको सवारीको दर्ताको प्रमाण पत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न पञ्जीकृत गरिने र बाटो इजाजत पत्र प्रदान गरिने छैन ।सवारी धनी वा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

व्यवस्थापकले यस ऐन बमोजिम बिमा गराएकोमा त्यस्तो बिमामा उल्लेखित रकमको दायित्वभन्दा बढी दायित्व व्यहोर्ने छैन।

१४७. **चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बिमा** : (१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सेवामा काम गर्ने अन्य कर्मचारीको तोकिएको रकमको दुर्घटना बिमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्नेछ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बिमित रकम निज स्वयम् वा निजको नजिकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनुपर्ने रकम उपदफा (१) बमोजिमको बिमा बराबरको रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१४८. **यात्रीको बिमा** : (१) तोकिएको बाटोमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बिमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बिमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा आवश्यक कागजात पेश भएको दश दिन भित्र निजको नजिकको हकवालालाई सो बापत पाउनुपर्ने दुर्घटना बिमाको रकम उपलव्ध गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेको कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा वा मृत्यु भएमा निजले पाउनु पर्ने रकम उपदफा (१) बमोजिमको बिमा बराबरको रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

१४९. **तेस्रो पक्षको बिमा** : (१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्ष बिमा गराउनुपर्नेछ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सिभ बिमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने रकम उपदफा (१) बमोजिमको बिमा बराबरको रकम पैतीस दिन भित्र निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ। बिमा कम्पनीले बिमा गरेको कागजात पेश गरेपछि यथासम्भव छिटो उपलव्ध गराउनुपर्नेछ।

(४) सवारी दुर्घटना भई नियन्त्रणमा लिएको सवारी साधन चालक नियन्त्रणमा आइसकेपछि र बिमासम्बन्धी कागजातहरु प्राप्त भईसकेपछि सवारी साधनलाई वहत्तर घण्टा भित्र सवारी धनी वा व्यवस्थापकलाई जिम्मा लगाइनेछ।

## परिच्छेद-९
## काम, कर्तव्य र अधिकार

१५०. <u>निर्देशनालयको काम, कर्तव्य र अधिकार</u> : निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संगठित एवं प्रभावकारी ढङ्गबाट यातायात सेवा सञ्चालन गराउन त्यसको आर्थिक तथा प्राविधिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने वा गर्न लगाई तत्सम्बन्धी आवश्यक नीति निर्धारण गर्ने,

(ख) यातायातको सुव्यवस्था र विकासको लागि यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आवश्यक निर्देशन दिने,

(ग) आवश्यकता अनुसार मालसामान ढुवानीको प्राथमिकता तोकी सो प्राथमिकता अनुरूप मालसामान ढुवानी गर्न यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निर्देशन दिने,

(घ) यातायात सेवा सञ्चालन गर्न यात्रीको चापलाई दृष्टिगत गरी मन्त्रालयको निर्देशन अनुसार बाटो तथा भाडा निर्धारण सम्बन्धी आवश्यक कार्य गर्ने,

(ङ) अन्तराष्ट्रिय प्रचलन अनुरूप ट्राफिक संकेत सार्वजनिक स्थानमा राख्ने व्यवस्था गर्ने,

(च) सवारीको गति, वजन र सवारीमा राखिने यात्री संख्या निर्धारण गर्ने,

(छ) सवारीको यान्त्रिक स्थिति तथा स्वरूपको जाँचबुझको सम्बन्धमा आवश्यक अन्य काम कारवाही गर्ने,

(ज) यात्रीहरुको सुविधालाई ध्यानमा राखी आवश्यकता अनुसार प्रतिक्षालय निर्माण गर्ने,

(झ) यातायात सेवाको सुदृढीकरणको निम्ति आवश्यक अन्य काम कारवाही गर्ने,

(ञ) सडक दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा सम्बन्धी काम गर्ने।

१५१. <u>यातायात व्यवस्थापन समिति</u> : (१) प्रत्येक प्रदेशमा चल्ने सार्वजनिक सवारीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्यहरू भएको प्रदेशस्तरीय यातायात व्यवस्थापन समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क) निर्देशक, प्रदेश यातायात व्यवस्था निर्देशनालय | -अध्यक्ष |
| (ख) प्रदेश प्रहरी कार्यालयले तोकेको अधिकृत | -सदस्य |
| (ग) मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधी | -सदस्य |
| (घ) प्रमुख, प्रदेश ट्राफिक प्रहरी कार्यालय | -सदस्य |

(ङ) मन्त्रालयले मनोनयन गरेको यातायात व्यवसायीहरूको प्रतिनिधि एकजना -सदस्य

(च) मन्त्रालयले मनोनयन गरेको यातायात मजदुरहरूको प्रतिनिधि एकजना -सदस्य

(छ) सम्वन्धित सडक डिभिजन कार्यालयको एकजना अधिकृत -सदस्य

(ज) निर्देशनालयले तोकेको यातायात व्यवस्था कार्यालयको कार्यालय प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको यातायात व्यवस्थापन समिति अन्तर्गतको स्थानीय यातायात व्यवस्थापन समिति तोकिए बमोजिम हुनेछ।

**१५२.** <u>यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u> :यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आफ्नो क्षेत्र भित्र चल्ने यातायात सेवा निर्वाधरूपमा सञ्चालन गर्न सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने,

(ख) आफ्नो क्षेत्र भित्र बाटो कायम नभएको ठाँउमा केही समयको लागि बाटो कायम गरी यातायात सेवा सञ्चालन गर्नुपर्ने भए अस्थायी बाटो कायम गरी सो बाटोमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) आफ्नो क्षेत्र भित्र सार्वजनिक सवारीहरूको बाटोको इजाजत पत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको समय समयमा सो को नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने,

(घ) आफ्नो क्षेत्र भित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने,

(ङ) आफ्नो क्षेत्र भित्र यात्रीको चाप र सवारीको संख्या इत्यादीको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नुपर्ने आवश्यक देखेमा सो क्षेत्रमा बाटो निर्धारण हुन मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) आफ्नो क्षेत्र भित्र यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारवाही गर्ने,

**१५३.** <u>परीक्षा समिति</u> : (१) सवारी चालक अनुमति पत्रको लागि दरखास्त दिने व्यक्ति सवारी चलाउन समर्थ छ छैन भन्ने कुरा यकिन गर्नको लागि दफा ४९ बमोजिमको परीक्षण गर्न प्रत्येक यातायात व्यवस्था कार्यालयमा देहायका सदस्य भएको एक परीक्षा समिति रहनेछ।

(क) प्रमुख सम्बन्धित यातायात व्यवस्था कार्यालय -अध्यक्ष

(ख) प्रदेश ट्राफिक प्रहरी कार्यालयले तोकेको अधिकृत -सदस्य

(ग) निर्देशनालयले तोकेको विशेषज्ञ -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले चालक अनुमति पत्रको लागि दरखास्त दिने व्यक्तिको परीक्षा लिई सफल भएकाहरूलाई चालक अनुमति पत्र प्रदान गर्न अधिकार प्राप्त अधिकारी समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिले चालकका लागि लिने परीक्षाको पाठयक्रम, विषय र परीक्षा प्रणाली निर्देशनालयले तोकेबमोजिम हुनेछ।

१५४. <u>यातायात निरीक्षक सम्बन्धी व्यवस्था</u> : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न प्रदेश सरकारले यातायात निरीक्षकको नियुक्ति गर्नेछ।

(२) यातायात निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५५. <u>यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार</u> : यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले बाटोको इजाजत पत्र प्राप्त बाटोमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरूले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम गर्नुपर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने,

(घ) चालक, परिचालकको अनुमति पत्र तथा यात्रुसूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालन चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने।

१५६. <u>प्रशिक्षण केन्द्र, सञ्चालन गर्न अनुमति लिनुपर्ने</u> : (१) कुनै पनि किसिमको सवारी चलाउने प्रशिक्षण केन्द्र सञ्चालन गर्न निर्देशनालयबाट अनुमति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुरसमेत संलग्न राखी निर्देशनालयमा दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र सञ्चालन गर्न सक्छ सक्दैन भन्ने कुराको जाँचबुझ गरी निर्देशनालयले त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४) उपदफा (३) बमोजिमको अनुमति दिन नसकिने भए दिन नसक्नुको आधार र कारण खोली अनुमति माग्ने व्यक्ति, फर्म वा कम्पनिलाई लिखित जानकारी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त जानकारी उपर चित्त नबुझेमा चित्त नबुझने पक्षले मन्त्रालय समक्ष उजूरी गर्न सक्नेछ र मन्त्रालयले दुई महिना भित्र आवश्यक निर्णय गर्नेछ ।

(६) सवारी र प्रशिक्षण केन्द्रसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५७. कारखाना तथा वर्कसप सञ्चालन गर्न अनुमति लिनुपर्नेः (१) कुनै सवारी साधन निर्माण गर्न वा उत्पादन गर्न, पार्टपूर्जा आयात गरी सवारी साधन निर्माण गर्न सवारी साधनको वडी तथा डाला निर्माण गर्ने कारखाना वा अटोमोवाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा संस्थाले निर्देशनालयको अनुमति लिनुपर्नेछ।

(२) कारखाना तथा वर्कसप संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०
## सजाय सम्बन्धी व्यवस्था

१५८. दण्ड सजाय : (१) दर्ताको प्रमाण पत्रमा उल्लेख भए बमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई अधिकार प्राप्त अधिकारीले पचासहजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले देहायको काम कार्वाही गर्ने गराउनेलाई देहाय बमोजिम जरिवाना गर्न सक्नेछ।

(क) दफा १३, ४५ वा ११५ को विपरीत काम कार्वाही गर्ने गराउनेलाई पाँच हजार रुपैयाँ सम्म,

(ख) दफा ४,२९,३९,७३,९१,९४,१२३,१२७, को विपरीत काम कार्वाही गर्ने गराउनेलाई दशहजार रुपैयाँ सम्म,

(ग) दफा १५६, १५७ को विपरीत काम कार्वाही गर्ने गराउनेलाई वीसहजार रुपैया सम्म।

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कार्वाही गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले पाँचहजार रुपैयासम्म जरिवाना गर्नसक्नेछ।

(४) दफा १२६ विपरीत हुने गरी काम कार्वाही गर्ने गराउने व्यक्तिलाई पचासहजार रुपैयासम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुबै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति रकम दिलाउन सक्नेछ।

(५) दफा १६३ विपरीत हुने गरी काम कार्वाही गर्ने गराउने व्यक्तिलाई दशहजार रुपैया जरिवाना, एक वर्षसम्म कैद वा दुबै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति रकम दिलाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१५९. <u>ज्यान मरेमा हुने सजाय</u> : (१) कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको, सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटना गराई सवारीको कारणबाट मुलुकी फौजदारी अपराध संहितामा उल्लेखित म्याद भित्र मरेमा त्यस्तो कार्य ज्यानमार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई जन्मकैद हुनेछ। कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मार्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ।

(२) कसैले कुनै सवारी चालएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी अपराध संहिता, २०७४ को महलमा उल्लेखित म्याद भित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँ देखी एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दशहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

(४) चालक अनुमति पत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप पाँच हजार रुपैयाँ समेत जरिवाना हुनेछ।

तर जन्मकैद हुनेमा त्यस्तो थप जरिवाना हुनेछैन।

(५) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमति पत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ।

१६०. <u>अङ्गभङ्ग भएमा हुने सजाय</u> : (१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियत साथ गरेको भए अन्धो वा नपूंसक मध्ये जुनसुकै कुरा भए तापनि त्यसरी सवारी चलाउने व्यक्तिलाई आठ वर्षसम्म कैद र दश हजार रुपैयँसम्म जरिवाना हुनेछ। सो दुई खत बाहेक अन्य कुनै अङ्ग बेकम्मा भएमा आठ वर्षसम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना र एउटै किसिमको काम लिने एउटा भन्दा बढी अङ्ग हुनेमा सो मध्ये एउटा अङ्ग मात्र बेकम्मा भएमा माथि लेखिएको सजायको आधा सजाय हुनेछ। सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाँचहजार रुपैयाँ जरिवाना हुनेछ।

(२) चालक अनुमति पत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लिखित कुनै कसुर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा पाँचहजार रुपैयाँ थप जरिवाना हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमति पत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुईहजार रुपैयाँ जरिवाना हुनेछ।

१६१. <u>घा खर्च, कृया खर्च र क्षतिपूर्ति भराई दिने</u> : (१) सवारी दुर्घटनालाई कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतिपूर्ति रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ।

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत पचासहजार रुपैयाँ र क्षतिपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेश्रो पक्षले पाउने दुर्घटना बिमाको रकम,

(ख) अङ्गभङ्ग भएकोमा निको भईकन पनि काम नलाग्ने भए सो को क्षतिपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बिमाको रकम र त्यस्तो अङ्ग काम नलाग्ने भए घा खर्च बापत पच्चीसहजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई कृयाखर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्नेछ।

(३) उपदफा (१) मा लेखिएको बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधी खर्च बापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति बिचार गरी चालक, सवारी धनी वा व्यवस्थापकबाट पच्चीसहजार रुपैयाँ दिलाई दिनु पर्नेछ। त्यस्तो चोटपटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधी खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, कृया खर्च र क्षतिपूर्तिको कुल रकमको पाँच प्रतिशत भन्दा बढी  चालकबाट भराईने छैन।

(५) उपदफा (१) र (२) बमोजिम बुझाउनुपर्ने कृया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजातबाट पनि असुल उपर हुन सकेन भने सो उपर नभए जति रुपैयाँ निजबाट असुल उपर भएको जरिवाना मध्येबाट भराई दिनु पर्नेछ।

(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नुपर्ने भनी एकिन भएको क्षतिपूर्ति बापतको रकम यथाशीघ्र भराई दिनु पर्नेछ।

(७) यस ऐनको विभिन्न दफा मा जुन सुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा १२६,१५८ को उपदफा (४), (५) दफा १५९,१६०,१६१,१६४ बमोजिमको मुद्दाको अनुसन्धान तहकिकात, मुद्दाको कारवाही र किनारा गर्ने क्षतिपूर्ति सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१६२. <u>सडक कसुर सम्बन्धी व्यवस्था</u> : (१) सडकमा सवारी चलाउदा देहायको कार्य गरेमा सडक कसुर मानिनेछः

(क) ट्राफिक सङ्केत वा ईशारा उल्लङ्घन गरी सवारी चलाएको,
(ख) सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको,
(ग) सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेको वा ध्वनी सङ्केत दिएको,
(घ) सडकमा गलत साइड तर्फबाट सवारी चलाएको,
(ङ) एकतर्फी सडकमा सो विपरीत सवारी चलाएको,
(च) अवस्था ठीक नभएको सवारी चलाएको,
(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएको,
(ज) राती वा कुहिरो लागेको बेलामा बत्ती नबाली सवारी चलाएको,
(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएको,
(ञ) लुकिङ्ग ग्लास नराखी सवारी चलाएको,
(ट) सवारी तोकिएको मापदण्ड विपरीत सवारी मोडिफाई गरी चलाएकोमा,
(ठ) अरूलाई बाधा पुग्ने गरी सार्वजनिक स्थानमा सवारी राखेको,
(ड) सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको,
(ढ) नम्बर प्लेट नराखी सवारी चलाएको,
(ण) सवारीको वजनको हद निर्धारण गरिएको ठाँउमा निर्धारित वजनभन्दा बढी वजनको सवारी चलाएको,
(त) पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएको,
(थ) सवारीमा बस्ने वा राख्ने मानिस वा मालसामानको हद निर्धारण गरिएकोमा सो हद भन्दा बढी भाडा लिई सवारी चलाएको,
(द) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेको,
(ध) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएको,
(न) लापरवाही साथ सवारी चलाएको,
(प) बाटो इजाजत पत्र नलिई सावर्जनिक सवारी चलाएको,
(फ) चालक अनुमति पत्र साथमा नराखी सवारी चलाएको,
(ब) सवारी चलाउँदा मोवाइल फोन प्रयोग गरेको,
(भ) लेन उल्लङ्घन गरेको,
(म) तोकिए बमोजिमको नम्बर प्लेट प्रयोग नगरेको,
(य) जथाभावी कसैले बाटो काटेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५

(र) पेश गर्नुपर्ने विवरण पेश नगरेमा,

(ल) यस ऐन वा ऐन अन्तर्गतको नियम उल्लङ्घन गरेको।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई यातायात निरीक्षक वा कम्तिमा प्रहरी साहयक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले पहिलो पटकको लागि एक हजार, दोश्रो पटकको लागि एक हजार पाँच सय र तेश्रो पटकको लागि वा सो भन्दा बढी पटकको लागि रु. दुई हजार जरिवाना गर्नसक्नेछ।

(३) अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले गरेको जरिवाना बापतको रकम तोकिए बमोजिम जम्मा हुनेछ।

(४) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टा भित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसुर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सो बापत निजलाई हुने जरिवानाको रकम चौबीस घण्टा भित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ।

(६) उपदफा (४) वा (५) बमोजिमको पूर्जी दिंदा त्यस्तो पूर्जीको नक्कल प्रतिमा सो पूर्जी बुझनेको सही समेत गराउनुपर्नेछ।

(७) उपदफा (४) वा (५) मा लेखिएको समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले दुईहजार रुपैयासम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमति पत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको बाटो इजाजत पत्र वा निजहरूको यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमति पत्र बढीमा सात दिनको लागि निलम्बन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमति पत्र, बाटो इजाजत पत्र वा यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र खारेज गर्न सक्नेछ।

## परिच्छेद-११
## विविध

१६३. <u>हानि नोक्सानी पुऱ्याउन नहुने</u> : कसैले सवारीमा रहेको चालक, परिचालक, सुरक्षाकर्मी सवारीमा अन्य कर्मचारी वा यात्रीलाई पिट्न, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेको मानिस वा मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने कामगर्नु र आगजनी गराउनुहुँदैन।

१६४. <u>सवारी धनी वा व्यवस्थापकले लिनुपर्ने</u> : कुनै चालकले लापरवाही गरी वा बदनियतपूर्वक यो ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन

बमोजिम त्यस्तो चालकले तिर्नुपर्ने जरिवाना, घा खर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिरी दिनु पर्नेछ।

१६५. <u>सजाय नहुने</u> : दफा १५८, १५९ र १६० मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकले काबु बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुनेछैन।

तर यस दफा बमोजिमको मुद्दाको कारवाही किनारा संघीय कानून बमोजिम हुनेछ।

१६६. <u>प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्ने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्र प्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजत पत्र प्रदान गरिनेछैन।

१६७. <u>सवारी एक आपसमा ठोकिएमा</u> : एकभन्दा बढी सवारी गुडिरहेको अवस्थामा एक आपसमा ठक्कर खाएमा प्रहरीको अनुसन्धानबाट जुन सवारीले ट्राफिक नियम पालना नगरेको कारणबाट ठक्कर खाएको हो भने सो दुर्घटनाको दायित्व र क्षतिपूर्ति ट्राफिक नियम उलङ्घन गर्ने सवारीको चालक, सवारी धनी वा व्यवस्थापकले व्यहोर्नुपर्नेछ।

१६८. <u>निर्देशन दिनसक्ने</u> : प्रदेश सरकार, मन्त्रालय वा निर्देशनालयले यातायात व्यवसायीहरूलाई यातायात व्यवसायलाई प्रभावकारी बनाउन तथा यातायात सेवालाई सरल तथा सुलभ बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु यातायात व्यवसायीको कर्तव्य हुनेछ।

१६९. <u>अधिकार प्रत्यायोजन</u> : यस ऐन बमोजिम निर्देशनालय वा अधिकार प्राप्त अधिकारीलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार निर्देशनालय वा अधिकार प्राप्त अधिकारीले कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७०. <u>पुनरावेदन</u> : (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेशउपर सम्बन्धित व्यक्तिले निर्देशनालय समक्ष उजुर गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम निर्देशनालयले गरेको निर्णय वा आदेश उपर चित्त नबुझेमा जानकारी पाएको मितिले पैतीस दिन भित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन लाग्न सक्नेछ।

१७१. <u>उजुर गर्ने हदम्याद र पुनरावेदन गर्ने म्याद</u> : (१) दफा १२६,१५८ को उपदफा (४), (५) र दफा १५९, १६०,१६१,१६४ अन्तर्गतको कसुरमा प्रचलित संघीय कानून बमोजिमको हदम्याद भित्र उजुर गर्नु पर्नेछ र यस ऐन अन्तर्गतका अन्य कसुरको हकमा भए गरेको मितिले पैंतीस दिन भित्र उजुर गर्नु पर्नेछ।

(२) दफा १२६,१५८ को उपदफा (४), (५) र दफा १५९,१६० र १६१ अन्तर्गतका कसुरका सम्बन्धमा बाहेक यस  ऐन अन्तर्गतका अन्य कसुरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिन भित्र उजुर गर्नु पर्नेछ।

१७२. सहयोग पुऱ्याउनुपर्ने : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

१७३. अन्य सवारी साधनको चालकले यस ऐनको पालन गर्नुपर्ने : यस ऐन बमोजिम दर्तागर्नु नपर्ने सवारी साधन वा कुनै सवारी साधन चलाउन यस ऐन बमोजिम चालक अनुमति पत्र लिनु नपर्ने रहेछ भने त्यस्तो सवारी चलाउँदा चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक नियमको पालना गर्नु पर्नेछ।

१७४. असल नियतले गरेको कामको बचाउ : अधिकार प्राप्त  अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुनेछैन।

तर असल नियत राखेर काम गरेको हो भन्ने कुराको प्रमाणको भार सम्बन्धित व्यक्तिमा हुनेछ।

१७५. विशेष अधिकार : यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागू नहुने गरी प्रदेश सरकारले छुट दिन सक्नेछ।

१७६. विविध : यस ऐनका विभिन्न दफा बमोजिम समय गणना गर्दा यो ऐन प्रारम्भ भएको मितिबाट गणना गरिनेछ।

१७७. प्रदेश सरकारको दायित्व हुने : यस ऐन अन्तर्गत संचालित सार्वजनिक सवारी र तीनमा प्रयोग भएको श्रम, सीप र पूँजीको संरक्षण गर्ने सामान्य दायित्व प्रदेश सरकारको हुनेछ।

१७८. बाधा अड्काउ फुकाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ।

१७९. अनुसूचीमा हेरफेर गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१८०. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

१८१. <u>बचाउ</u> : यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलनमा रहेको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-१

(दफा ३,४ र ५ सँग सम्बन्धित)

## सवारीको वर्गीकरण

खण्ड (क) : ठूलो सवारी (दफा ३ सँग सम्बन्धित) :

बस, ट्रक, लहरी, ट्र्याक्टर, दमकल, डोजर, डम्फर, क्रेन, टिपर, रोलर आदि।

खण्ड (ख) : मझौला सवारी (दफा ४ सँग सम्बन्धित) :

मिनिबस, मिनिट्रक, जीप, पीकअप, भ्यान, क्रेन, ट्रक्याटर, रोलर आदि।

खण्ड (ग) : सानो सवारी (दफा ५ सँग सम्बन्धित) :

कार, जीप, भ्यान, पिकअप, मोटर साइकल, स्कुटर, टेम्पो, पावर टिलर, मोपेड, तीन पाङ्ग्रे "इ" रिक्सा आदि।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची – २
## (दफा ६,७,८,९ र १० सँग सम्बन्धित)
## सवारीको प्लेट

भाग-१ : <u>साधारण सवारी नम्बर प्लेट</u>

खण्ड (क) : <u>सार्वजनिक सवारी (दफा ६ को उपदफा (५) सँग सम्बन्धित) :</u>
कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (ख) : <u>पर्यटक सवारी (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)</u>
हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (ग) : <u>निजी सवारी (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)</u>
रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (घ) : <u>सरकारी सवारी (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)</u>
सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (ङ) : <u>संथानको सवारी (दफा १० को उपदफा (२) सँग सम्बन्धित)</u>
पहेंलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनु पर्नेछ।

खण्ड (च) : <u>कुटनीतिक सवारी (दफा १२ को उपदफा (२) सँग सम्बन्धित)</u>
नीलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

<u>द्रष्टव्य :</u>

१. प्रदेश मुख्यमन्त्री, सभामुख, उपसभामुख, राज्यमन्त्री, सहायक मन्त्री चढने सवारी साधनको सवारी नम्बर प्लेटको माथिको आधा भाग रातो र तल्लो आधा भाग सेतो रङ्गको अक्षर र अंकमा हुनु पर्नेछ।

२. स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुख चढने सवारी साधनको नम्बर प्लेट सेतो रङ्गको नम्बर प्लेटमा पहेलो अक्षर हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची-३

(दफा १६ सँग सम्बन्धित)

## सवारी दर्ता प्रमाण पत्रको ढाँचा

**प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात व्यवस्था निर्देशनालय**

**...................यातायात व्यवस्था कार्यालय**

सवारी दर्ता नं. :

सवारीको किसिम :

दर्ता मिति :

सवारी धनीको नाम थर, वतन :

सवारी धनीको हस्ताक्षर :

अधिकृतको सही :

सवारीधनीको फोटो

दर्ता गर्ने अधिकारीको
हस्ताक्षर :
मिति :

नामसारी भएको मिति ..............

सवारीधनीको फोटो

सवारी धनीको नाम, थर, वतन :.......................................................

नामसारी गर्ने अधिकारीको
हस्ताक्षर :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## प्रमाण पत्रको नवीकरण

| नवीकरण गरेको मिति | नवीकरणको म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

सवारीको विस्तृत विवरणः

१. कम्पनीको नामः

२. सवारीको मोडेल/ सालः

३. सिलिण्डर संख्याः

४. हर्ष पावर/सि.सि.-

५. चेसिस नम्बरः

६. इन्जिन नम्बरः

७. सवारीको रङ्गः

८. सीट क्षमता (चालक सहित)-

९. वजनः

१०. पेट्रोल/डिजेल/अन्य

११. रेडियो, क्यासेट प्लेयर, टेलिफोन आदि छ/छैनः

१२. कुन कम्पनी, फर्म वा मानिसबाट खरिद गरेको हो सो कम्पनी, फर्म वा मानिसको नामः

१३. प्रयोगः

१४. चलाउने क्षेत्रः

१५. भन्सारको निस्साः

## सवारी जाँचेको

| सवारी जाँचेको मिति | नवीकरणको म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको सही |
|---|---|---|
| | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची-४
(दफा २१ सँग सम्बन्धित)

## अस्थायी दर्ताको प्रमाण पत्र

### भौतिक पूर्वाधार विकास मन्त्रालय

### यातायात व्यवस्था निर्देशनालय

...................................

पत्रसंख्या :                                                                                                  मिति :

चलानी नं. :...... .......        .....शाखा...... ..     ........

प्राप्त पत्र संख्या र मिति :

विषय : अस्थायी नम्बर ।

श्री....... ............... .........

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनीले यस कार्यालयमा मिति २०......../......../...... मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणहरूको आधारमा निम्न बमोजिम विवरण भएको सवारी तोकिएको अवधिसम्मको निमित्त अस्थायी नम्बर दिइएको छ।

१. सवारी धनीको नाम, थर, वतन :

२. दिइएको अस्थायी नम्बर :

३. अस्थायी नम्बरको अवधि :

४. भन्सारको निस्सा :

५. सवारी निर्माता :

६. सवारीको किसिम :

७. सिलिण्डर संख्या :

८. हर्ष पावर सि. सि. :

९. चेसिस नम्बर :

१०. इन्जिन नम्बर :

११. सवारीको रङ्ग :

१२. सीट क्षमता (चालक सहित) :



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१३. वजन :

१४. पेट्रोल/डिजेल/अन्य :

१५. सवारीको पुरानो प्लेट नम्बर :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-५
(दफा ५० सँग सम्बन्धित)

# प्रदेश सरकार
# प्रदेश नं. १
# सवारी चालक अनुमति पत्र
**Driving Licence**

फोटो
photograph

नम्बर :

Number:

नाम :

Name:

जारी मिति:

Date of Issue:

म्याद समाप्त मिति :

Expiry Date:

ना.प्र.नं.:

Ctz. No.:

रक्त समूह :

Blood Group:

पिता/पतिको नाम :

Father/Husband's Name :

ठेगाना :

Adress :

तापाईलाई निम्न बमोजिमको सवारीहरूको चालक अनुमति पत्र दिइएको छ :

The Holder of this Licence is authorized to drive the following vechicles.

| | | | |
|---|---|---|---|
| क.<br>A | मोटर साइकल, स्कूटर, मोपेड<br>Motorcycle, Scooter, Moped | च.<br>F | मिनिबस, मिनिट्रक<br>Minibus, Minitruck |
| ख.<br>B | कार, जीप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery van | छ.<br>G | ट्रक, बस, लहरी, टिपर<br>Truck, Bus, Lorry, Tipper |
| ग.<br>C<br>C1 | टेम्पो, अटोरिक्सा<br>Tempo, Autoriksaw<br>E-Rickshaw | ज.<br>H<br>H1 | रोडरोलर, डोजर<br>Road Roller, Dozer<br>Dozer |

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश १

| | | | |
|---|---|---|---|
| घ. | पावर टिलर | झ. | क्रेन, दमकल, लोडर |
| D | Powertillar | I | Crane, Fire brigade, Loader |
| | | I1 | Mobile Crane, Crane Mounted |
| | | I2 | Fire brigrade |
| ङ. | ट्र्याक्टर | ञ. | अन्य |
| E | Tractor, Trailar Tractor (Low Bed) | J1 | Exacavator |
| | | J2 | Backhole Loader |
| | | J3 | Grader |
| | | J4 | Forklift |
| | | J5 | Other |
| | | K | Scooter, Moped |
| | | K1 | अपाङ्गता भएका व्यक्ति |

जारी गर्ने अधिकारी
Issued by

सवारी चालकको दस्तखत
Licence holder's signature

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारवाही Offences

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-६
(दफा ७५ सँग सम्बन्धित)
(बाटो इजाजत पत्रको ढाँचा)

प्रदेश सरकार
प्रदेश नं.१
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था निर्देशनालय
..............................................

इजाजत दिने अधिकारीको

नाम :

दर्जा :

दरखास्त :

मिति :

चेसिसको लम्बाई :

इन्जिन नम्बर :

मोडेल :

सवारी निर्माण गर्ने कम्पनि वा संस्थाको नाम र ठेगाना :

वडी तयार गर्ने कारखानाको नाम, ठेगाना :

इजाजत पत्र नं.:

सवारीको किसिम :

सवारी धनी वा व्यवस्थापकको नाम :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची-७

(दफा ९१ सँग सम्बन्धित)
(यातायात सेवा संचालन गर्ने अनुमति पत्रको ढाँचा)

**प्रदेश सरकार**
**प्रदेश नं.१**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात व्यवस्था निर्देशनालय**

फोटो

दर्ता नं. :
दर्ता मिति :

सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा ९१ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमति पत्र दिइएको छ।

(१) व्यक्ति/फर्म/कम्पनीको नाम :
(२) ठेगानाः
(३) कारोबारको मुख्य स्थानः
(४) सञ्चालन गर्ने सेवाको किसिमः
(५) धनी/साझेदार/सञ्चालक (मुख्य व्यक्ति)को नाम, थर र दर्जाः
(६) ठेगानाः

....................
निर्देशकको सही

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १